सफलताको सारथि
सारा प्रकाशनद्वारा प्रकाशित

# बौद्धिक मञ्च

BAUDDHIK MANCH

वर्ष ३ अङ्क ३ पूर्णाङ्क ६

# शाखा अधिकृत
# विशेषाङ्क-२०७२/७३

## द्वितीय पत्र
## शासन प्रणाली

## तृतीय पत्र
## समसामयिक विषय

**यसभित्र**

☑ शाखा अधिकृत द्वितीय र तृतीय पत्रका लोकसेवा आयोगबाट प्रस्तुत नमुना प्रश्नहरुको समाधान

✚

☑ २०७० र २०७१ सालमा द्वितीय र तृतीय पत्रमा लोक सेवा आयोगद्वारा सोधिएका प्रश्नहरुको समाधान

✚

☑ ७ सेट अभ्यास प्रश्नहरु (7 Set Practice Questions) समाधान सहित

✚

☑ नेपालको संविधान, २०७२ र तेह्रौ योजना समावेश गरी तयार पारिएको

✚

☑ सम्भावित महत्वपूर्ण विषयवस्तुमा जोड दिई सरल भाषामा प्रस्तुत गरिएको

लेखन/सम्पादन
सुशीला अर्याल (पराजुली)
उपसचिव, नेपाल सरकार

सारा प्रकाशन
काठमाडौं, नेपाल

Question Bank Nepal

# विषयसूची

## द्वितीय पत्र : शासन प्रणाली
## Second Paper : Governance System


१. लोकसेवा आयोगद्वारा प्रस्तुत नमूना प्रश्नहरु र समाधान ........ १
२. लोकसेवा आयोगद्वारा २०७० सालमा सोधिएका प्रश्नहरु र समाधान ........ १८
३. लोकसेवा आयोगद्वारा २०७१ सालमा सोधिएका प्रश्नहरु र समाधान ........ ३५
४. अभ्यास प्रश्न सेट १ – समाधान सहित ........ ५१
५. अभ्यास प्रश्न सेट २ – समाधान सहित ........ ७१
६. अभ्यास प्रश्न सेट ३ – समाधान सहित ........ ८८
७. अभ्यास प्रश्न सेट ४ – समाधान सहित ........ १०४
८. अभ्यास प्रश्न सेट ५ – समाधान सहित ........ १२२
९. अभ्यास प्रश्न सेट ६ – समाधान सहित ........ १४१
१०. अभ्यास प्रश्न सेट ७ – समाधान सहित ........ १५६


## तृतीय पत्र : समसामयिक विषय
## Third Paper : Contemporary Issues


१. लोकसेवा आयोगद्वारा प्रस्तुत नमूना प्रश्नहरु र समाधान ........ १७३
२. लोकसेवा आयोगद्वारा २०७० सालमा सोधिएका प्रश्नहरु र समाधान ........ १८९
३. लोकसेवा आयोगद्वारा २०७१ सालमा सोधिएका प्रश्नहरु र समाधान ........ २०३
४. अभ्यास प्रश्न सेट १ – समाधान सहित ........ २१४
५. अभ्यास प्रश्न सेट २ – समाधान सहित ........ २३१
६. अभ्यास प्रश्न सेट ३ – समाधान सहित ........ २४५
७. अभ्यास प्रश्न सेट ४ – समाधान सहित ........ २६०
८. अभ्यास प्रश्न सेट ५ – समाधान सहित ........ २७३
९. अभ्यास प्रश्न सेट ६ – समाधान सहित ........ २८९
१०. अभ्यास प्रश्न सेट ७ – समाधान सहित ........ ३०४


Question Bank Nepal

# पाठ्यक्रम

लोक सेवा आयोग

अप्राविधिक (न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण र संसद सेवा), राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको लागि

लिखित परीक्षा :- द्वितीय चरण (Second Phase)

## द्वितीय पत्र:- शासन प्रणाली

**Section (A) - 10 marks × 3 Questions = 30 marks**

१. **राज्य र शासन**

१.१ शासनका आधारभूत पक्षहरु, अवधारणा, सन्दर्भ र विशेषताहरु

१.२ शासनको राजनैतिक तथा प्रशासनिक संरचना

१.३ सूचनाको हक र पारदर्शिता

१.४ राष्ट्र निर्माण र राज्य निर्माण

१.५ नेपालको शासन प्रणाली

१.६ राष्ट्रिय सुरक्षा व्यवस्थापन : अवधारणा, क्षेत्र र नेपालमा राष्ट्रिय सुरक्षाका विद्यमान प्रावधान

१.७ वहुस्तरीय शासन र नेपाल : अनौपचारिक शासन, नागरिक समाजको शासन, स्थानीय शासन, सहकारीतामूलक शासन, व्यवसायिक शासन र संयुक्त राष्ट्र संघ

**Section (B) - 10 marks × 2 Questions = 20 marks**

२. **संविधान र कानून**

२.१ संविधानवाद

२.२ नेपालमा संवैधानिक विकास

२.३ नेपालको वर्तमान संविधान

२.३.१ मूलभूत विशेषताहरु, कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका

२.३.२ मौलिक हक, निर्देशक सिद्धान्त र राज्यका नीतिहरु

२.३.३ संवैधानिक तथा कानून निर्मित निकायहरुको कार्य एवं तिनको कार्य क्षेत्र

२.४ मानव अधिकार

२.५ नागरिक चेतना, जनताका कर्तव्य र जिम्मेवारीहरु

२.६ कानूनका श्रोतहरु तथा नेपालमा कानून निर्माणको प्रक्रिया

२.७ कानूनको शासन, लोकतान्त्रिक मूल्य र मान्यता, समावेशीकरण, समानुपातिक प्रतिनिधित्व तथा सकारात्मक विभेद

**Section (C) - 10 marks × 3 Questions = 30 marks**

३. **सार्वजनिक सेवा तथा सार्वजनिक व्यवस्थापन**

३.१ सार्वजनिक सेवाको अवधारणा, कार्य, विशेषता र भूमिका

३.२ सार्वजनिक सेवा प्रवाह

३.३ राजनैतिक तटस्थता, प्रतिबद्धता, पारदर्शिता र उत्तरदायित्व

३.४ सार्वजनिक कोषको सदुपयोग, सदाचार र नैतिकता

३.५ सार्वजनिक व्यवस्थापन, निजामति सेवा र कर्मचारीतन्त्र

३.६ सार्वजनिक नीति : निर्माण प्रक्रिया र विश्लेषण

३.७ सार्वजनिक सेवा बडापत्र

३.८ विद्युतीय शासन

**Section (D) - 10 marks × 2 Questions = 20 marks**

४. **श्रोत व्यवस्थापन र योजना**

४.१ मानव श्रोत व्यवस्थापन, प्राप्ति, विकास, उपयोग र सम्भार

४.२ सार्वजनिक वित्त व्यवस्थापन : नेपालको योजना र बजेट प्रणाली

४.३ नेपालमा सरकारी लेखा प्रणाली र लेखापरीक्षण प्रणाली

४.४ वित्तीय व्यवस्थापन र सामाजिक उत्तरदायित्व

४.५ विकास योजना र चालू आवधिक योजना

४.६ सहभागितामूलक योजना र विकास

Question Bank Nepal

## तृतीय पत्रः- समसामयिक विषय

**Section (A) - 10 marks × 3 Questions = 30 marks**

१. **सामाजिक मामिलाहरु**
- १.१ सामाजिक विवाद तथा द्वन्द्व
- १.२ सामाजिक न्याय तथा समानता
- १.३ सामाजिक एवं सांस्कृतिक रुपान्तरण
- १.४ श्रोत/साधनहरुको वितरणमा न्याय : असमानता एवं सिमान्तीकरण (प्रादेशिक, जातजातिगत, लैङ्गिक, ग्रामीण तथा शहरी)
- १.५ सामाजिक संरक्षण/बचाउ, सामाजिक सुरक्षा तथा सामाजिक जिम्मेवारी
- १.६ सांस्कृतिक विविधता र सामाजिक परिचालन
- १.७ जनसंख्या (बसोबास, बसाइसराई, शहरीकरण, वयस्कता, शरणार्थी, विस्थापित जनसंख्या)
- १.८ संगठित अपराध: विद्युतीय अपराध, बेचबिखन, एकाधिकार, आतंकवाद, भ्रष्टाचार र अवैध मुद्रा निर्मलीकरण
- १.९ खाद्य सम्प्रभुता र सुरक्षा

**Section (B) - 10 marks × 2 Questions = 20 marks**

२. **आर्थिक मामिलाहरु**
- २.१ आर्थिक बृद्धि तथा आर्थिक विकास
- २.२ आर्थिक विकासमा प्रमुख पक्षहरु, कृषि, उद्योग, व्यापार, पर्यटन, वैदेशिक रोजगार तथा मानव संशाधन
- २.३ आर्थिक विकासमा सार्वजनिक क्षेत्र, निजी क्षेत्र र सहकारी क्षेत्रको भूमिका
- २.४ वैदेशिक सहायता र अन्तर्राष्ट्रिय सहयोग
- २.५ वैदेशिक लगानी, पोर्टफोलियो र प्रत्यक्ष
- २.६ प्रविधि हस्तान्तरण (बौद्धिक सम्पत्ति अधिकार समेत)
- २.७ व्यापार, बजार र श्रम उदारिकरण
- २.८ आर्थिक कुटनीति
- २.९ गरिबी र बेरोजगारी

**Section (C) - 10 marks × 3 Questions = 30 marks**

३. **विकाससँग सम्बद्ध मामिलाहरु**
- ३.१ मानव विकास
- ३.२ पूर्वाधार विकास
- ३.३ दिगो विकास (भूमि, जल तथा प्राकृति श्रोतहरु : धान्न सक्ने क्षमता र विकास नीति)
- ३.४ विकास प्रक्रियामा राज्य र राज्य बाहेकका क्षेत्रहरुको भूमिका
- ३.५ शान्ति र द्वन्द्व सम्वेदनशील विकास
- ३.६ विकेन्द्रीकरण तथा स्थानीय स्वायत्त शासन
- ३.७ विकासमा नागरिकको संलग्नता
- ३.८ साझेदारी विकास तथा समुदायमा आधारित विकास
- ३.९ विकासमा सूचना-सञ्चार प्रविधिको भूमिका
- ३.१० विश्वव्यापीकरण र विकास

**Section (D) - 10 marks × 2 Questions = 20 marks**

४. **वातावरणसँग सम्बद्ध मामिलाहरु**
- ४.१ पारिस्थितिक प्रणाली
- ४.२ जैविक विविधता तथा संरक्षण
- ४.३ जलवायु परिवर्तन र कार्बन व्यापार
- ४.४ वातावरणीय ह्रास
- ४.५ वन विनाश
- ४.६ संकट/विपद् व्यवस्थापन
- ४.७ वातावरण र विकास
- ४.८ उर्जा संकट तथा उर्जा संरक्षण
- ४.९ प्रदूषण तथा फोहर मैला व्यवस्थापन

Question Bank Nepal

# द्वितीय पत्र :- शासन प्रणाली
# Paper II – Governance System

## १. लोकसेवा आयोगद्वारा प्रस्तुत नमूना प्रश्नहरू र समाधान

### नमूना प्रश्नहरु

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

1. शासनको अवधारणा स्पष्ट गर्दै यसका आधारभूत पक्ष तथा विशेषताहरु उल्लेख गर्नुहोस् । (Clarifying the concept of governance, mention its fundamental aspects as well as features.)
2. सूचनाको हकलाई सुदृढ पार्नमा पारदर्शिताले पुऱ्याएको योगदानको चर्चा गर्दै पारदर्शिताको सीमा उल्लेख गर्नुहोस् । (Discuss the contribution of transparency in strengthening the Right to Information and also mention the limitation of transparency.)
3. राष्ट्रिय सुरक्षा व्यवस्थापनको क्षेत्र उल्लेख गर्नुहोस् । नेपालमा राष्ट्रिय सुरक्षाका विद्यमान प्रावधानहरुको संक्षिप्त समीक्षा गर्नुहोस् । (Mention the scope of National Security Management. Briefly comment on the prevailing provisions of the national security of Nepal.)

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

4. कानूनका श्रोतहरु उल्लेख गर्दै नेपालमा कानून निर्माणको प्रक्रिया प्रस्तुत गर्नुहोस् । (Mentioning the sources of law, present the process of law formulation in Nepal.)
5. लोकतान्त्रिक मूल्य र मान्यता भन्नाले के बुझ्नुहुन्छ ? नेपालमा यी मूल्य र मान्यताहरुको प्रयोग कसरी भएको पाउनु हुन्छ ? उल्लेख गर्नुहोस् । (What do you understand by democratic value and norm? How are such values and norms practiced in Nepal? Mention.)

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

6. सार्वजनिक सेवाको अवधारणा उल्लेख गर्नुहोस् । सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी तुल्याउन राजनैतिक तटस्थता, प्रतिबद्धता, पारदर्शिता र उत्तरदायित्वको ठूलो भूमिका हुन्छ भन्ने भनाइका सन्दर्भमा आफ्नो धारणा प्रष्ट पार्नुहोस् । (Mention the concept of public service delivery. State your own view in the context of saying that there is the vital role of political neutrality, commitment, transparency and accountability to make public service delivery effective.)
7. सार्वजनिक व्यवस्थापनका प्रमुख कार्यहरु उल्लेख गर्नुहोस् । (Mention the major functions of public management.)
8. सार्वजनिक नीतिलाई परिभाषित गर्दै सार्वजनिक नीति निर्माण प्रक्रिया प्रस्तुत गर्नुहोस् । (Defining public policy, present the process how public policy is formulated.)

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

9. मानव श्रोत व्यवस्थापनका प्रमुख आयामहरुबारे संक्षिप्त चर्चा गर्नुहोस् । (Briefly discuss the major dimensions of human resource management)
10. सहभागितामूलक योजनाका प्रमुख विशेषताहरु उल्लेख गर्दै नेपालको विकास प्रशासनमा सहभागितामूलक योजनाको अभ्यासको अवस्था दर्शाउनुहोस् । (Mentioning the major features of participatory planning, present the status of the practice of participatory planning in the development administration of Nepal.)

Question Bank Nepal

## नमूना प्रश्नको समाधान

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

**१. शासनको अवधारणा स्पष्ट गर्दै यसका आधारभूत पक्ष तथा विशेषताहरु उल्लेख गर्नुहोस् । (Clarifying the concept of governance, mention its fundamental aspects as well as features.)**

### शासनको अवधारणा (Concept of governance)

"शासन शक्ति र नीति प्रबन्धको गतिशिल प्रकृया हो ।" शासन शब्द यूनानी क्रिया Kubernao बाट लिईएको हो, जसको अर्थ परिचालन हुन्छ । Kubernao शब्दलाई पहिलो पटक युनानी दार्शनिक प्लेटोले आदर्श राज्यको परिकल्पना गर्दै नागरिक शासन सन्दर्भमा सांकेतिक रुपले प्रयोग गरेका थिए भने सन् १२१५ को बेलायतको म्याग्नाकार्टाले जनप्रतिनिधिमूलक संसदीय शासनमा जोड दिएको थियो । त्यसै गरी सन् १७८५ मा ए. भी. डायसीले कानूनको शासनको व्याख्या गर्दै शासन सञ्चालन कानून अनुसार हुनुपर्ने कुरामा जोड दिए भने सन् १७८७ मा जारी भएको अमेरिकाको संविधानले लोकतान्त्रिक शासनमा जोड दिएको थियो । सुशासनलाई शासन सम्बन्धि अवधारणाको पछिल्लो विकसित स्वरुपका रुपमा लिने गरिन्छ । शासन सम्बन्धी अवधारणालाई मूलतः परम्परागत र आधुनिक गरी वर्गीकरण गर्न सकिन्छ ।

**परम्परागत अवधारणा** – यस अवधारणाले शासनलाई जनतामाथि शासकले गर्ने नियन्त्रण अर्थात् राष्ट्को सुरक्षाको लागि सरकार वा अधिकारप्राप्त व्यक्तिले गर्ने काम, अनुशासन पालना गराउने कामको रुपमा लिन्छ । यस अवधारणा अन्तर्गत राज्यमा शासक र शासित गरी दुई वर्ग रहन्छन् ।

**आधुनिक अवधारणा** – यस अवधारणा अनुसार शासनमा जनताको सहभागिता, जवाफदेही सरकार, पारदर्शी प्रशासनयन्त्र, सर्वसाधारणको सूचना सम्मको पहुँच, कानूनी र वैधानिक शासन पद्दति, विकेन्द्रीकरण, शक्तिको उचित प्रयोग, मानव अधिकारको रक्षा, अल्पसंख्यकको अधिकारको प्रत्याभूति आदि व्यवस्था सहितको शासन व्यवस्थालाई शासन भन्ने गरिन्छ । अर्थात् आधुनिक अवधारणा अनुसार शासन भन्ने शव्दले सुशासनलाई बुझाउँछ ।

शासनलाई राष्ट्का सम्पूर्ण तहका सवाल/मामिलाहरुको व्यवस्थापन गर्नको लागि राष्ट्का सम्पूर्ण आर्थिक, राजनीतिक तथा प्रशासनिक अधिकार एवम् शक्तिहरुको अभ्यास रुपमा लिन सकिन्छ, जस अन्तर्गत विभिन्न पद्दति, प्रक्रिया र संस्थाहरुको व्यवस्था गरिएको हुन्छ र तिनीहरुको माध्यमबाट व्यक्ति एवम् नागरिक समूहले आफ्ना चाहनाहरु व्यक्त गर्न, कानूनी अधिकारको प्रयोग गर्न, असहमति व्यक्त गर्न सक्दछन् भन्ने त्यसको उचित व्यवस्थापनको व्यवस्था पनि गरिएको हुन्छ ।

निष्कर्षमा, परम्परागत रुपमा शासन शव्दले नियन्त्रणमा राख्नु, निर्देशित गर्नु भन्ने बुझिन्थ्यो भने आधुनिक अवधारणा अनुसार 'शासन' शब्दले जनताको मताधिकारबाट निर्वाचित भएका प्रतिनिधिहरुले नागरिक सरोकार एवम् राज्यको हित प्रवर्द्धन गर्ने कार्यलाई जनाउँछ ।




### शासनको आधारभूत पक्ष (Fundamental aspects)

राज्य सञ्चालनका क्रममा केही निश्चित मान्यताहरुलाई आधार लिनुपर्ने हुन्छ, जसलाई आधारभूत पक्षहरु भन्ने गरिन्छ । शासन व्यवस्थाका आधारभूत पक्षहरु देहायबमोजिम हुन सक्दछन् :-

१. **सहभागिता** : कुनै पनि शासन व्यवस्था असल, लोकप्रिय र दिगो हुनका लागि शासनका हरेक तहमा सरोकारवालाको सक्रिय सहभागिता हुनु आवश्यक हुन्छ । जनसहभागिताले शासन व्यवस्थाप्रति जनताको विश्वास एवम् अपनत्वमा वृद्धि हुँदै जान्छ, जनताले देश विकासमा आफ्नो पनि योगदान रहेको महसुस गर्दछन् जसले गर्दा सरकारले आफ्ना कार्यहरुमा जनसहभागिता प्राप्त गर्न सक्दछ ।

२. **निष्पक्षता** : आधुनिक अवधारणा अनुसार शासनको लागि निष्पक्षता नभई नहुने कुरा हो । यदि कुनै पनि देशमा विधिको शासन छ भने त्यहाँ सम्पूर्ण जनतालाई कानूनी रुपमा समान व्यवहार गरिनुपर्दछ । कानूनको दृष्टिमा सम्पूर्ण व्यक्ति बराबर हुन्छन् र अधिकारको प्रयोग एवम् कानूनी उपचारको प्रयोगमा कसैलाई पनि वञ्चित गर्न पाईंदैन ।

Question Bank Nepal

३. **कानून/विधिको शासन** : जनताले जनताकै लागि निर्माण गरेको कानून अनुसारको शासनलाई कानूनको शासन/कानूनी राज्यको सिद्धान्त भनिन्छ । यसले व्यक्तिको नभई कानूनको शासनमा जोड दिन्छ । शासन व्यवस्थाका आधारभूत पक्षमध्ये कानूनी राज्यको सिद्धान्तको अवलम्बन पनि महत्वपूर्ण पक्षका रुपमा रहेको हुन्छ ।

४. **निगरानी** : कुनै पनि नियम कानूनको तर्जुमा एवम् कार्यान्वयन गर्दा कुनै पक्षलाई नकारात्मक प्रभाव परे नपरेको निगरानी गर्ने व्यवस्था सहितको शासन व्यवस्था मात्र साँचो अर्थमा शासन हुन सक्छ अन्यथा शोषण हुन जान्छ ।

५. **जवाफदेहिता** : शासन सञ्चालनमा सरोकारवालाहरूको सहभागिता हुने भएता पनि सम्पूर्ण अवस्थामा उनीहरूको सहभागिता हुन सक्दैन र अर्कोतिर शासन सञ्चालन सम्बन्धमा महत्वपूर्ण निर्णय गर्ने राजनैतिक नेतृत्वको हो, तसर्थ राजनैतिक दलको नेतृत्व सरकारी काम कारबाही एवम् निर्णयका लागि समाजप्रति उत्तरदायी हुनुपर्दछ ।

६. **पारदर्शिता** : सुशासनका पूर्वाधारमध्ये पारदर्शिता पनि एक महत्वपूर्ण पूर्वाधार हो । जबसम्म निर्णय प्रक्रियाका हरेक चरणमा खुलापन एवम् स्पष्टता हुँदैन तबसम्म जनताको मत एवम् सार्वजनिक सम्पत्तिको व्यक्तिगत हितका लागि दुरुपयोग हुने सम्भावना रहिरहन्छ तसर्थ असल शासन व्यवस्थाको अर्को आधारभूत पक्षको रुपमा पारदर्शिता रहेको हुन्छ ।

७. **प्रभावकारी एवं कुशल** : शासनको अर्को आधारभूत पक्षको रुपमा रहेको प्रभावकारिताको प्राप्तिका लागि सीमित स्रोत र साधनको प्रभावकारी कार्यान्वयनमा ढिलाई, खर्चिलो पना र भ्रष्टाचारको न्यूनीकरण जस्ता कदमहरूमा जोड दिनुपर्ने हुन्छ ।

८. **समतामूलक समावेशी** : मुलुकमा समतामूलक समानतामा आधारित विकास प्रकृयालाई अवलम्बन गर्दै खासगरी कमजोर तथा सिमान्तकृत क्षेत्रलाई बंचित नगरी समावेशी गराउने पक्षमा पनि शासनले जोड दिनु पर्दछ ।

माथि उल्लेखित पक्षहरूको अलावा शक्ति पृथकीकरण एवं शक्ति सन्तुलन तथा नियन्त्रण, स्वतन्त्र न्यायपालिका, पूर्ण प्रेस स्वतन्त्रता, सूचनाको हक, विकेन्द्रीकरण, संविधानवाद, नागरिकका मौलिक हकाधिकार, सामाजिक न्याय तथा सुरक्षा, आवधिक एवं स्वच्छ निर्वाचन, वालिक मताधिकार, सार्वजनिक सुनुवाई आदि विषयहरू पनि शासन व्यवस्थाका आधारभूत पक्षहरू हुन् ।

**शासनका विशेषताहरू (Characteristics of Governance)**

शासनको अवधारणा तथा यसको आधारभूत पक्ष समेतको अध्ययनका आधारमा शासनका विशेषताहरूलाई देहाय बमोजिमको बुँदाहरूमा उल्लेख गर्न सकिन्छ :-

★ शासन राज्य व्यवस्था सञ्चालन गर्ने राजनैतिक प्रणाली हो ।

★ शासन जनप्रतिनिधिमूलक हुने हुँदा यसले सदैव सार्वजनिक हित प्रवर्द्धन गर्दछ ।

★ शासन भनेको सुशासन/असल शासन हो, जुन जनमुखी र जनसहभागितामूलक हुन्छ ।

★ शासनले व्यक्तिको नभई कानूनको शासनलाई संकेत गर्दछ ।

★ शासन समयक्रमसँगै यसको स्वरुप र प्रकृतिमा परिवर्तन हुने गतिशील चरित्रको हुन्छ ।

★ संविधान (मूल कानून) मा व्यवस्था गरिएको वैधानिक विधि/प्रक्रिया अनुसार शासन सञ्चालन हुने गर्दछ ।

★ शासन विश्वव्यापी चरित्रको हुन्छ, अर्थात् जहाँ राज्य त्यहाँ शासनको कुरा आउँछ ।

★ शासित (जनता) ले दिएको अधिकार प्रयोग गरी शासक (सरकार) ले शासन सञ्चालन गर्ने हुँदा शासनले जनइच्छा र आकांक्षा सम्बोधन गर्दछ ।

★ शासनले पारदर्शिता र जनउत्तरदायित्वलाई जोड दिन्छ ।

★ शासन राज्यको उद्देश्य, नीति निर्देशक सिद्धान्त बमोजिम सञ्चालित हुन्छ ।

★ शासन राज्य शक्तिको प्रयोग गर्ने तरिका मात्र नभई नागरिक जीवनलाई सहज गर्ने प्रक्रिया पनि हो ।

★ शासन अमूर्त हुन्छ, जसले जनताको लागि वैधानिक ढंगले कार्य गर्दछ ।

★ सारमा शासन राज्यको इच्छा निर्माण गर्ने, अभिव्यक्त गर्ने र कार्यान्वयन गर्ने प्रणालीको रुपमा रहेको हुन्छ ।

अन्त्यमा, राज्यको प्रार्दुभावसँगै विकास हुँदै आएको शासन सम्बन्धी अवधारणा आजको एक्काइसौं सदीमा आइपुग्दा सुशासनको अवधारणाका नामबाट व्याख्या विवेचना हुने गरेको पाइन्छ । जनसहभागिता, निष्पक्षता, विधिको शासन, आदिलाई शासनको आधारभूत पक्षहरूका रुपमा लिने गरिन्छ । शासन बहुविशेषतायुक्त अमूर्त शब्द हो । वर्तमान समयमा शासन माथि उल्लेख गरिए जस्तै राज्य व्यवस्था सञ्चालन गर्ने, राजनैतिक प्रणाली, सार्वजनिक हित प्रवर्द्धन, जनइच्छा एवं आकांक्षाको सम्बोधन, राज्य शक्तिको



Question Bank Nepal

प्रयोग गर्ने तरिका, पारदर्शिता एवं जनउत्तरदायित्व जस्ता विभिन्न विशेषताहरूले सुशोभित हुन्छ ।

**२. सूचनाको हकलाई सुदृढ पार्नमा पारदर्शिताले पुऱ्याएको योगदानको चर्चा गर्दै पारदर्शिताको सीमा उल्लेख गर्नुहोस् । (Discuss the contribution of transparency in strengthening the Right to Information and also mention the limitation of transparency.)**

**सूचनाको हकलाई सुदृढ पार्न पारदर्शिताले पुऱ्याएको योगदान**

राज्य तथा राज्य संयन्त्रद्वारा आफ्ना नीति, क्रियाकलाप, व्यवहार/आचरण सम्बन्धमा सर्वसाधारणलाई सुसूचित गर्नुपर्ने, उक्त नीति, कार्यक्रम, व्यवहार वा निर्णय लिनुपर्ने कारण र आधार, त्यसको कार्यन्वयनबाट पर्ने प्रभाव र त्यसमा लाग्ने खर्चको पूर्ण जानकारी दिइने प्रचलनलाई पारदर्शिता भनिन्छ । पारदर्शिताले सूचनाको हकलाई सुदृढ पार्नमा पुऱ्याएको योगदानलाई देहायका बुदाँहरूमा उल्लेख गर्न सकिन्छ –

पारदर्शिता
- विचारका लागि इन्धन
- अनियमितता विरुद्धको अस्त्र
- व्यवस्थापनको आधार
- विचार र अभिव्यक्ति स्वतन्त्रताको आधारस्तम्भ

★ पारदर्शिताले कुनै पनि विषयका बारेमा विचारको सिर्जना र सूचनाको सही उपयोग गर्न सघाउ पुऱ्याउँदछ,

★ व्यक्तिलाई सूचनाको हकका लागि सशक्तिकृत बनाउँछ,

★ पारदर्शिताले आर्थिक राजनीतिक नीति निर्माण प्रति सरोकारवालाको धारणा बुझ्न सघाउ पुऱ्याउँछ,

★ यो शासकीय व्यवहारलाई उत्तरदायी बनाउने माध्यम हो जसले सूचनाको हकलाई सुदृढ बनाउन सहयोग पुऱ्याउँछ,

★ नागरिकको सूचना पाउने अधिकार तथा कर्तव्यको क्रियाशीलताका लागि पनि पारदर्शिताले योगदान पुऱ्याउँछ,

★ पारदर्शिताले सत्यको उद्घाटन गर्छ, उचित निर्णय गराउँछ, व्यवस्थापनलाई स्थायित्व दिन्छ आदि ।

**सूचनाको हक (धारा २७)** : प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन ।

**पारदर्शिताको सीमा (Limitation of Transparency)**

पारदर्शितालाई सूचनाको हक प्रत्याभूति गर्ने एक महत्वपूर्ण माध्याम र सुशासनको आधारस्तम्भको रुपमा समेत लिईन्छ । यति हुदा हुदै पनि पारदर्शिताका पनि केही सीमाहरू रहेको पाईन्छ । ती सीमाहरू भने देश, काल, परिस्थिती अनुसार फरक-फरक हुनसक्दछन् । पारदर्शिताको सीमा कोर्ने कार्य मुलुकको कानूनले गर्दछ । कानूनद्वारा स्पष्ट गरिएको सीमाहरू उलंघन गरी सुचनाको गोपनीयता भंग गर्नु पनि दण्डनीय मानिन्छ । समग्रमा भन्नु पर्दा पारदर्शिताका प्रमुख सीमाहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ –

★ पारदर्शिताले मुलुकको सार्वभौमसत्ता, अखण्डता एवं राष्ट्रिय सुरक्षाको हितलाई खल्बल्याउन हुँदैन । उदारहणको रुपमा भन्नु पर्दा युद्ध, द्वन्द्व वा तनावको चरम अवस्थामा वाह्य शत्रु, विद्रोहीलाई फाइदा हुने गरी सेनाको अवस्थाबारे सूचना सार्वजनिक गर्न हुँदैन ।

★ पारदर्शितालाई अवलम्बन गर्दा सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तरराष्ट्रिय सम्बन्धमा नकारात्मक असर पार्ने अवस्था आउनु हुँदैन ।

★ पारदर्शिताको नाममा अपराधी पत्ता लगाउने काममा बाधा पार्न हुदैन । अर्थात अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने सुचना चुहावट गर्न हुँदैन ।

★ पारदर्शिताले कानुनसम्मत व्यावसायिक प्रतिस्पर्धामा हस्तक्षेप गर्ने अवस्था सृजना हुनु हुँदैन । जस्तो की औषधी, खाद्य र पेय वस्तुको सूत्र आदि आर्थिक हितसँग सम्बन्धित सूचनाहरू सम्बन्धित उत्पादकको सहमतिबिना सार्वजनिक गर्न हुँदैन ।

★ सूचना सार्वजनिक गर्दा जातीय, साम्प्रदायिक झगडा बढाउने अवस्था आउनु हुँदैन । अर्थात बहुजातीय, बहुधार्मिक, बहुभाषिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त समाजमा खास गरी तनाव, द्वन्द्व, हिंसा, दंगासँग सम्बन्धित सूचना सार्वजनिक गर्दा पुनः वैमनस्य भई हिंसा चर्कने संभावना हुने हुँदा यस्ता खालका सूचना सार्वजनिक नगर्नु उपयुक्त हुन्छ ।

★ पारदर्शिताका नाममा व्यक्तिको गोपनीयताको अधिकारलाई उछिन्न हुँदैन । किनकी एक जना व्यक्तिको व्यक्तिगत जानकारी, फाइल अर्को व्यक्तिलाई नबताउनु प्रायः वैधानिक र आवश्यक पनि हुन्छ ।

★ पारदर्शिताका कारण व्यक्तिको सुरक्षा माथी खतरा उत्पन्न हुनुहुदैन । जस्तोकी साक्षी प्रमाणको संरक्षण गर्ने कार्यमा कुनै व्यक्तिको परिचय, ऊ कहाँ छ ? भन्ने सूचना सार्वजनिक नगर्नु उपयुक्त हुन्छ ।

★ अदालती कार्यविधिको सन्दर्भमा भन्नुपर्दा बन्द इजलास तथा बाल इजलास सम्बन्धि व्यवस्था, पक्ष/सरोकारवाला

Question Bank Nepal

वा पक्षका कानून व्यवसायी बाहेक अन्य व्यक्ति वा निकायलाई मुद्दामामिला सम्बन्धि मिसिलका कागजातहरूको प्रतिलिपि नदिने व्यवस्था आदिलाई पनि पारदर्शिताको सीमा भित्र राख्न सकिन्छ ।

★ कुनै पनि मुलुकको सरकार वा सरकारी निकायले गोपनीयता कायम गर्नु पर्ने आवश्यकता पहिचान गर्दै कानूनद्धारा नै गोप्य भनी वर्गीकरण गरिएको संपूर्ण सूचनालाई सम्बन्धित मुलुकको सन्दर्भमा पारदर्शिताका सीमाका रुपमा लिन सकिन्छ ।

पारदर्शितालाई ग्यारेन्टी गर्ने मौलिक हकको रुपमा सूचनाको हकको व्यवस्था गरिएको पाईन्छ, भने पारदर्शितालाई सीमाबद्ध गर्न गोपनियताको हक समेतको व्यवस्था लोकतान्त्रिक संविधानमा गरिएको पाईन्छ । नागरिकको सूचना सम्बन्धि हकले मागिएको सूचनालाई पारदर्शिताका सीमा अर्थात सूचना दिन नपर्ने वर्गभित्र पर्छन् भन्ने कुरा आफू खुशी वा मनोगत ढंगले निर्णय गर्न पाईदैन भन्ने मान्यता समेत बोकेको हुन्छ । अर्थात् कुनै पनि सूचना रोक्नका लागि ठोस आधार चाहिन्छ, उचित र पर्याप्त कारण दिएर त्यसको पुष्टि गर्नुपर्ने कुरालाई गंभिरताका साथ उठाउने गर्दछ । हाम्रो सुचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ३ (३) ले पनि सार्वजनिक निकायले सूचना प्रवाह गर्नु नपर्ने विषयहरूको सूची प्रस्तुत गर्दै पारदर्शिताका सीमाहरूलाई ऐनमा समावेश गरेको पाईन्छ ।

**३. राष्ट्रिय सुरक्षा व्यवस्थापनको क्षेत्र उल्लेख गर्नुहोस् । नेपालमा राष्ट्रिय सुरक्षाका विद्यमान प्रावधानहरुको संक्षिप्त समीक्षा गर्नुहोस् । (Mention the scope of National Security Management. Briefly comment on the prevailing provisions of the national security of Nepal.)**

**राष्ट्रिय सुरक्षा व्यवस्थापनका क्षेत्रहरू**

प्रारम्भमा संकुचित क्षेत्र रहेको राष्ट्रिय सुरक्षा व्यवस्थापनका क्षेत्र हालसम्म आइपुग्दा देहाय बमोजिमका व्यापक बन्न पुगेको पाईन्छ :–

**राष्ट्रिय सुरक्षा व्यवस्थापनको क्षेत्र**

| अति महत्वपूर्ण राष्ट्रिय हितका विषयहरू | महत्वपूर्ण राष्ट्रिय हितका विषयहरू |
|---|---|
| + देशको सार्वभौम सत्ता | + राष्ट्रिय विकास तथा स्वाभिमान |
| + भौगोलिक अखण्डता | + राजनैतिक स्थिरता, |
| + देशको स्वतन्त्रताको रक्षा | + शान्तिपूर्ण सहअस्तित्व |
| + राष्ट्रिय एकता | + विश्व शान्तिको प्रवर्द्धन |
| + आर्थिक सम्पन्नता | + राष्ट्रिय श्रोत तथा पर्यायवरणीय सुरक्षा |
| + सामाजिक सामञ्जस्यता | + विज्ञान तथा प्रविधिको सुरक्षा |
| + राष्ट्रिय संस्कृति तथा जीवन पद्दतिको सुरक्षा | + नागरिक हक तथा स्वतन्त्रताको सुरक्षा |

निष्कर्षमा भन्नुपर्दा विश्वव्यापी रुपमा राष्ट्रिय सुरक्षाले अहिले आन्तरिक तथा बाह्य द्वन्द्वलाई मात्र होइन, सीमा व्यापार, तस्करी, आतंकवाद, जलवायु परिवर्तन, प्राकृतिक स्रोत साधन, खाद्य सुरक्षा, आप्रवास, रोगव्याधी, उद्धार तथा आर्थिक, राजनीतिक, सांस्कृतिक सुरक्षालाई समेत समेट्न खोजेको पाइन्छ ।

**नेपालमा राष्ट्रिय सुरक्षाका विद्यमान प्रावधानहरू**

राष्ट्रिय सुरक्षा सम्बन्धमा भएका कानूनी, संवैधानिक/ नीतिगत कानूनी व्यवस्थाहरू तथा संस्थागत व्यवस्थाहरूको समष्टीलाई नै राष्ट्रिय सुरक्षाका विद्यमान प्रावधानहरूका रुपमा लिन सकिन्छ । हाम्रो सन्दर्भमा भन्नुपर्दा राष्ट्रिय सुरक्षाका विद्यमान प्रावधानहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ :–

**कानूनी प्रावधानहरू (संवैधानिक/नीतिगत/कानूनी)**

**(क) संवैधानिक व्यवस्था :–** नेपालको संविधान, २०७२ ले भाग २८ धारा २६६ देखि २६८ सम्म नेपालको राष्ट्रिय सुरक्षा सम्बन्धी संवैधानिक व्यवस्था गरेको छ । संविधानले गरेको उक्त संवैधानिक व्यवस्थालाई देहायबमोजिम उल्लेख गरिएको छ :–

**राष्ट्रिय सुरक्षा परिषद (धारा २६६) :**

★ नेपालको समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षा सम्बन्धी नीति तर्जुमा गर्न तथा नेपाली सेनाको परिचालन वा नियन्त्रण गर्नका लागि नेपाल सरकार, मन्त्रिपरिषदलाई सिफारिस गर्न देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहेको एक राष्ट्रिय सुरक्षा परिषद रहनेछ :–

(क) प्रधानमन्त्री – अध्यक्ष
(ख) नेपाल सरकारको रक्षा मन्त्री – सदस्य
(ग) नेपाल सरकारको गृह मन्त्री – सदस्य
(घ) नेपाल सरकारको परराष्ट्र मन्त्री – सदस्य
(ङ) नेपाल सरकारको अर्थ मन्त्री – सदस्य
(च) नेपाल सरकारको मुख्य सचिव – सदस्य
(छ) प्रधान सेनापति, नेपाली सेना – सदस्य

★ रक्षा मन्त्रालयको सचिवले राष्ट्रिय सुरक्षा परिषदको सदस्य-सचिव भई काम गर्नेछ ।

Question Bank Nepal

★ राष्ट्रिय सुरक्षा परिषदले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले त्यस्तो प्रतिवेदन प्रधानमन्त्री मार्फत संघीय संसद समक्ष पेश गर्न लगाउनेछ ।

★ राष्ट्रिय सुरक्षा परिषद सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

**नेपाली सेना सम्बन्धी व्यवस्था (धारा २६७)**

★ नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि यस संविधानप्रति प्रतिबद्ध समावेशी नेपाली सेनाको एक संगठन रहनेछ ।

★ राष्ट्रपति नेपाली सेनाको परमाधिपति हुनेछ ।

★ नेपाली सेनामा महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग तथा पिछडिएको क्षेत्रका नागरिकको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा संघीय कानून बमोजिम सुनिश्चित गरिनेछ ।

★ नेपाल सरकारले नेपाली सेनालाई संघीय कानून बमोजिम विकास निर्माण र विपद व्यवस्थापन लगायतका अन्य कार्यमा समेत परिचालन गर्न सक्नेछ ।

★ राष्ट्रपतिले मन्त्रिपरिषदको सिफारिसमा प्रधान सेनापतिको नियुक्ति र पदमुक्ति गर्नेछ ।

★ नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, वाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृंखलताको कारणले गम्भीर संकट उत्पन्न भएमा राष्ट्रिय सुरक्षा परिषदको सिफारिशमा नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय बमोजिम राष्ट्रपतिबाट नेपाली सेना परिचालनको घोषणा हुनेछ । नेपाली सेना परिचालनको घोषणा भएको मितिले एक महीनाभित्र प्रतिनिधि सभाबाट अनुमोदन हुनु पर्नेछ ।

★ नेपाली सेना सम्बन्धी अन्य व्यवस्था कानून बमोजिम हुनेछ ।

**नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान संगठन सम्बन्धी व्यवस्था (धारा २६८)**

★ संघमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग रहनेछन् ।

★ प्रत्येक प्रदेशमा प्रदेश प्रहरी संगठन रहनेछ ।

★ नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

★ नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

**(ख) नीतिगत तथा कानूनी व्यवस्था**

नेपालमा राष्ट्रिय सुरक्षा सन्दर्भमा भएका नीतिगत तथा कानूनी व्यवस्थाहरूमा दर्जनौंको संख्यामा रहेका सुरक्षा निकायसँग सम्बन्धित नीति तथा कानूनहरू त्यस्तै गरी राष्ट्रिय सुरक्षासँग प्रत्यक्ष एवं परोक्ष रुपमा सम्बन्धित विभिन्न क्षेत्र विशेष दर्जनौ विषयगत नीति तथा कानूनहरू पर्दछन् । जसमध्ये केही महत्वपूर्ण कानूनहरूको सूची यहाँ प्रस्तुत गरिएको छ :–

★ सैनिक ऐन, २०६३ तथा नियमावली, २०६९

★ प्रहरी ऐन, २०१२ तथा नियमावली, २०४९

★ सशस्त्र प्रहरी ऐन, २०५८ तथा नियमावली, २०६०

★ राहदानी ऐन, २०२४ तथा नियमावली, २०६७

★ अध्यागतम ऐन, २०४९ तथा नियमावली, २०५१

★ जासुसी ऐन, २०१८ र सुपुर्दगी ऐन, २०७०

★ राष्ट्रिय सेवा दल ऐन, २०२७ र सन्धि ऐन, २०४७

★ संविधान सभा (व्यवस्थापिका संसदको कार्य सञ्चालन) नियमावली, २०७० आदि ।

**राष्ट्रिय सुरक्षा सम्बन्धि संस्थागत प्रावधानहरू**

नेपालको राष्ट्रिय सुरक्षाका क्षेत्रमा संलग्न रही महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका प्रमुख निकायहरू अर्थात यस सम्बन्धी संस्थागत प्रावधानहरू देहाय बमोजिम रहेका छन् –

| राष्ट्रिय सुरक्षा सम्बन्धि संस्थागत प्रावधानहरू | |
|---|---|
| (क) नेपाली सेना | नेपालको राष्ट्रिय सेना (नेपाली सेना) ले आन्तरिक विखण्डनकारी तत्व तथा बाह्य आक्रमण समेतबाट राष्ट्को सुरक्षाको कार्य गर्दछ । |
| (ख) राष्ट्रिय सुरक्षा परिषद् | नेपाली सेनाको परिचालन, सञ्चालन र प्रयोग गर्नको लागि मन्त्रीपरिषद्लाई सिफारिश गर्ने निकायको रुपमा रहेको छ । |
| (ग) नागरिक सरकार (नेपाल सरकार) | नेपाल सरकारले जनसमाजमा आन्तरिक शान्ति सुव्यवस्था, अमनचयन कायम गर्ने कार्य कानूनद्वारा व्यवस्था भए गरे बमोजिम नेपाल प्रहरी, सशस्त्र प्रहरी जस्ता निकाय मार्फत गर्दछ । |
| (घ) संसदको राज्य व्यवस्था समिति | यी निकायहरू सम्पूर्ण सुरक्षा निकायहरूको व्यवस्थापकीय |



Question Bank Nepal

| | |
|---|---|
| तथा सुरक्षा विशेष समिति | सुपरीवेक्षणको लागि संसदमा गठित निकायहरू हुन् । |
| (ङ) गृह, रक्षा, अर्थ मन्त्रालय लगायतका निकायहरू | राष्ट्रको सुरक्षा व्यवस्थाको अनुगमन तथा सुपरीवेक्षण जस्ता कार्यहरू तथा सहयोगी र पारदर्शी बनाउने कार्यहरू यी निकायहरूद्वारा गर्ने व्यवस्था रहेको छ । |
| (च) जनपथ प्रहरी (नेपाल प्रहरी) | नेपाल प्रहरीको मुख्य उद्देश्य भनेको आन्तरिक सु-व्यवस्था र शान्ति (Law and order) कायम राखी राष्ट्रिय सुरक्षामा योगदान पुर्‍याउनु हो । |
| (छ) सशस्त्र प्रहरी बल (अर्ध सैनिक बल) | अर्ध सैनिक बलको रुपमा रहेको यस सुरक्षा निकायलाई देशको सीमा सुरक्षा बलको रुपमा साथै राज्यको विभिन्न महत्वपूर्ण व्यक्ति तथा संरचनाको सुरक्षामा खटाइएको छ । |
| (ज) राष्ट्रिय अनुसन्धान विभाग (गुप्तचर सेवा) | राज्य तथा समाजको सुरक्षा र यसको प्रमुख स्वार्थको रक्षा सम्बन्धी सान्दर्भिक सूचनाको संकलन गरी त्यसको स्वतन्त्र विश्लेषण गरी सरकारका सरोकारवाला जिम्मेवार निकायलाई सो सूचना र विश्लेषण आवश्यकता अनुसार उपलब्ध गराउने काम यस गुप्तचर निकायले गर्दै आएको छ । |
| (झ) निजी सुरक्षा कम्पनीहरू | निजी क्षेत्रले बढी भन्दा बढी भूमिका निर्वाह गर्नु पर्छ भन्ने मान्यता राख्ने आजको उदारवादी राज्य व्यवस्थामा निजी सुरक्षा कम्पनीहरूले पनि राष्ट्रिय सुरक्षामा महत्वपूर्ण योगदान दिँदै आएको पाइन्छ । |

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

**४. कानूनका श्रोतहरु उल्लेख गर्दै नेपालमा कानून निर्माणको प्रक्रिया प्रस्तुत गर्नुहोस् । (Mentioning the sources of law, present the process of law formulation in Nepal.)**

**कानूनका श्रोतहरू (Sources of law)**

सामान्य अर्थमा समाजको निरन्तर विकास गर्न र समाजमा शान्ति, सुव्यवस्था कायम राखी राख्नका लागि बनाइएका नियमहरूको समष्टी नै कानुन हो । त्यस्तै गरी कानुनको स्रोत भन्नाले कानुनको रूपमा रहेका व्यवहार एवं नियमहरूलाई बुझिन्छ । कानुनको उत्पत्ति जहाँबाट हुन्छ, अर्थात् जुन विन्दुबाट हुन्छ, त्यसैलाई कानुनको श्रोत मानिन्छ । कानुनका स्रोतहरू के-के हुन् भन्ने सन्दर्भमा विधिशास्त्रीहरूबीच मतभिन्नता रहेको पाइन्छ । तथापि विभिन्न विधिशास्त्रीहरूको कथनका आधारमा नै कानुनका स्रोतहरू देहायबमोजिम रहेका छन् भनी भन्न सकिन्छ :–

| **Sources of Law** |
|---|
| • विधायन (Legislation), |
| • प्रथा – परम्परा (Custom), |
| • कानुनविदका लेख (कानुनी साहित्य), |
| • समन्याय (Equality), |
| • तर्क (Reason), |
| • धर्म (Religion), |
| • नजीर (Precedent), |
| • व्यवसायिक राय (Professional Opinion), |
| • चीरभोग (Prescription), |

माथि उल्लेखित कानुनका स्रोतहरूमध्ये विधायन, नजीर र प्रथा परम्परालाई नै कानुनका प्रमुख स्रोतहरूका रूपमा लिइन्छ, जसबारेमा तल संक्षिप्तमा चर्चा गरिन्छ :–

**विधायन (Legislation)**

शक्तिपृथकीकरणको सिद्धान्तअनुसार कानुन निर्माण गर्ने अधिकार एवं जिम्मेवारी पाएको विधायिकाबाट निर्मित प्रत्यक्ष कानुनलाई नै विधायन भनिन्छ । अर्को शब्दमा भन्नु पर्दा विधायिका आफैले बनाएको वा प्रत्यायोजन गरेको अधिकार बमोजिम बनेको कानूनलाई विधायन भनिन्छ । कानुनको स्रोतको रूपमा विधायनको स्थान सर्वोपरी रहेको छ । हाम्रो सन्दर्भमा भन्नुपर्दा व्यवस्थापिका संसदबाट निर्मित ऐन नै विधायन हो । विधायनलाई मूलतः सर्वोच्च विधायन र प्रत्यायोजित/अधिनस्थ विधायन गरी दुई प्रकारमा वर्गीकरण गर्ने गरेको पाइन्छ । सर्वोच्च विधायन अन्तर्गत विधायिकाद्वारा निर्मित ऐन कानुनहरू पर्दछन् भने सो अन्तर्गत बनेका नियमावली, विनियमावली, निर्देशिका, आदेश आदि प्रत्यायोजित/अधिनस्थ विधायन अन्तर्गत पर्दछन् ।

**नजीर (Precedent)**

मुद्दामामिलाको रोहमा फैसला वा आदेशमा न्यायलयद्वारा व्याख्या गरी स्थापित गरिएका कानुनी सिद्धान्तहरूलाई नजीर भनिन्छ । अर्को शब्दमा भन्नु पर्दा अदालतको न्यायिक निर्णयमा अन्तर्निहित रहेको सिद्धान्त नै नजीर हो । सबै तहका

Question Bank Nepal

अदालतबाट प्रतिपादित सिद्धान्त (नजीर) बाध्यकारी नभई केवल अभिलेख अदालतबाट प्रतिपादित नजीरमा मात्र बाध्यात्मक शक्ति रहेको हुन्छ । जुन व्यवस्थापिकाले विधायन बनाई प्रतिस्थापन नगर्दा सम्म त्यस्तै प्रकारका विवादमा कानुन सरह लागु हुन्छन् । नजीरलाई अदालती निकाय वा अदालत निर्मित कानुन (Judge-made Law) पनि भनिन्छ। Common Law मा कानुनको स्रोत अन्तर्गत विधायनपछि नजीरको स्थान आउँछ भने Civil Law ले भने नजीरलाई कानुनको स्रोत नै मान्दैन । नजीरको उत्पत्ति र विकास बेलायतको Common Law अन्तर्गत भएको हो । हाम्रो देशमा पनि Common Law System अनुसरण गरिएकोले वर्तमान संविधानको धारा ११६ मा नजीरलाई कानुन सरह लागु हुने बाध्यात्मक सिद्धान्तको रूपमा स्थापित गरिएको पाइन्छ ।

**प्रथा – परम्परा (Custom)**

कुनै समुदायले स्वेच्छापूर्वक र कुनै भेदभाव विना एकनास रूपले लामो अवधि सम्म मान्दै आएको मानवीय व्यवहारको नियम, जुन नियमलाई मान्नु त्यस समुदायले बाध्यात्मक मानेको हुन्छ, त्यहि नियमलाई प्रथा (Custom) भनिन्छ । विधिशास्त्री Allen ले प्रथा भन्नाले पारस्परिक व्यवहारको परिप्रेक्ष्यमा स्वाभाविक रूपमा पालना गरिँदै आएको आचरणको नियमलाई जनाउँदछ भनी परिभाषा गरेको पाइन्छ । प्रथा कानुनको एउटा महत्वपूर्ण स्रोत हो । तथापि प्रथाले कानुनको स्रोतको रूपमा मान्यता प्राप्त गर्नका लागि उक्त प्रथा वैध हुनुपर्दछ । औचित्यता, प्राचीनता, निरन्तरता, निश्चितता, अनिवार्य पालना, शान्तिपूर्ण उपयोग र कानुन अनुकुलता जस्ता तत्वहरू विद्यमान रहेको प्रथालाई मात्र वैध प्रथा मानी कानुनको स्रोतको रूपमा स्वीकारिन्छ ।

**नेपालमा कानून निर्माणको प्रक्रिया**

कानून निर्माण गर्ने कार्य आफैंमा एउटा जटिल, महत्वपूर्ण एवं प्राविधिक कार्य हो । यसलाई व्यवस्थापन विधि पनि भनिन्छ । शक्ति पृथकीकरणको सिद्धान्त अनुसार कानून बनाउने कार्य नितान्त विधायिकाको कार्यक्षेत्र भित्र पर्ने कार्य हो, तथापी यस कार्य प्रकृयामा कार्यपालिका अन्तर्गतको निकाय कानून मंत्रालयको पनि महत्वपूर्ण भूमिका रहन्छ ।

नेपालको संविधान, २०७२ भाग ९ र भाग १५ मा भएका प्रावधान, संविधानसभा (व्यवस्थापिका-संसद कार्य सञ्चालन) नियमावली, २०७०, केही सार्वजनिक लिखत प्रमाणीकरण ( कार्यविधि) ऐन, २०६३ तथा कानून तर्जुमा दिग्दर्शन, २०६६ समेतका आधारमा नेपालको कानून निर्माण प्रकृया (विधेयक ऐन बन्ने प्रकृया) बारेमा समग्रमा देहाय बमोजिम चर्चा गरिएको छ ।

| नेपालमा कानून निर्माणको प्रकृयाका चरण |
|---|
| **विधेयकको मस्यौदा पूर्वको चरण** |
| ▫ सम्बन्धित मंत्रालयबाट विधेयक प्रस्तावको तयारी (अवधारणा तथा नीतिपत्र) |
| ▫ कानून मंत्रालयबाट विधेयक तर्जुमा गर्ने सम्बन्धमा राय |
| ▫ सम्बन्धित मंत्रालयहरूसंग विधेयक प्रस्ताव सम्बन्धी परामर्श (अन्तर मंत्रालय परामर्श) |
| ▫ नेपाल सरकार, मंत्रिपरिषदबाट विधेयक मस्यौदाको सैद्धान्तिक स्वीकृति |
| **विधेयक मस्यौदाको चरण** |
| ▫ कानून मंत्रालयबाट विधेयकको मस्यौदा तयार |
| ▫ नेपाल सरकार, मंत्रिपरिषदबाट विधेयक मस्यौदा स्वीकृति |
| **व्यवस्थापन कार्यविधिको चरण** |
| ▫ सम्बन्धित मंत्रालयले कानून मंत्रालय मार्फत संसद सचिवालयमा विधेयक दर्ता |
| ▫ सम्बन्धित मन्त्रीबाट विधेयक संसदमा प्रस्तुत गर्ने विधि (प्रथम वाचन) |
| ▫ संसदमा विधेयक माथी छलफल तथा संशोधन गर्ने विधि (द्वितिय वाचन) |
| ▫ संसदबाट विधेयक पारित गर्ने विधी (तृतीय वाचन) |
| **पारित विधेयक प्रमाणिकीकरणको चरण** |
| ▫ सभामुखले पारित विधेयक प्रमाणिकीकरणको लागि राष्ट्रपति समक्ष पेश |
| ▫ राष्ट्रपतिबाट विधेयक प्रमाणिकीकरण भई उक्त विधेयक ऐन बन्ने |
| **प्रमाणिकरण भएको विधेयक अर्थात् ऐन प्रकाशनको चरण** |
| ▫ मुद्रण विभागबाट नेपाल राजपत्रमा ऐन प्रकाशन |

नेपालमा कानून निर्माणको समग्र प्रकृयालाई सजिलोसँग बुझ्नका लागि माथी उल्लेख गरिए जस्तै मुलतः विधेयकको मस्यौदा पूर्वको चरण, विधेयक मस्यौदाको चरण, व्यवस्थापन कार्यविधिको चरण, पारित विधेयक प्रमाणिकरणको चरण र प्रमाणिकरण भएको विधेयक अर्थात ऐन प्रकाशनको चरण गरी विभिन्न चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

Question Bank Nepal

**५. लोकतान्त्रिक मूल्य र मान्यता भन्नाले के बुझ्नुहुन्छ ? नेपालमा यी मूल्य र मान्यताहरुको प्रयोग कसरी भएको पाउनु हुन्छ ? उल्लेख गर्नुहोस् । (What do you understand by democratic value and norm? How are such values and norms practiced in Nepal? Mention.)**

**लोकतान्त्रिक मूल्य र मान्यता**

लोकतन्त्रका मूल्य मान्यताहरू भन्नाले ती लोकतान्त्रिक आधारहरू हुन् जसको सक्रिय उपस्थितिमा मात्र लोकतन्त्रको अभ्यास सम्भव हुन्छ । त्यसैले लोकतन्त्रका आधारहरूलाई लोकतान्त्रिक मूल्य मान्यता पनि भन्ने गरिन्छ । प्रमुख लोकतान्त्रिक मूल्य मान्यता वा लोकतन्त्रका आधारहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ :-

१. **प्रतिस्पर्धात्मक चुनाव** : यो लोकतन्त्रको सबैभन्दा प्रमुख आधार हो । प्रतिस्पर्धात्मक एवम् निष्पक्ष चुनाव विना सर्वसाधारण नागरिकको वास्तविक इच्छा, आकांक्षा एवम् आवश्यकताको प्रतिनिधित्व नै हुन सक्दैन, त्यसैले यदि लोकतान्त्रिक शासन व्यवस्थामार्फत जनतालाई शासनमा सहभागी बनाउने हो भने प्रतिस्पर्धात्मक चुनाव अपरिहार्य हुन्छ ।

**नेपालमा प्रयोग** – प्रतिस्पर्धात्मक चुवनाको प्रत्याभूतिका लागि संविधानमा नै निर्वाचन आयोगको व्यवस्था गरेको, निर्वाचन आयोगले आयोगमा दर्ता भएका सम्पूर्ण राजनीतिक दल र व्यक्तिले स्वतन्त्र रुपमा भाग लिन पाउने र निर्वाचन स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धी गराउने कार्य गर्ने ।

२. **वाक् स्वतन्त्रता** : लोकतान्त्रिक शासन व्यवस्थामा प्रत्येक नागरिकलाई वाक् स्वतन्त्रता हुनुपर्दछ । नागरिकले आफूलाई लागेका कुराहरू स्वतन्त्रतापूर्वक सरकार एवम् सरोकारवला पक्ष समक्ष राख्न पाउने अवस्था हुनुपर्दछ ।

**नेपालमा प्रयोग** – लोकतन्त्रको अत्यावश्यक तत्वको रुपमा रहेको वाक् स्वतन्त्राले हाम्रो शासन प्रणालीले पनि अंगीकार गरेको छ । वाक् स्वतन्त्रतालाई व्यक्तिको नैसर्गिक अधिकार मानी संविधानको धारा १७ मार्फत यसको संवैधानिक प्रत्याभूति र संरक्षण गरेको छ । सोही संवैधानिक व्यवस्था बमोजिम हरेक नेपाली नागरिकले राष्ट्रिय अखण्डता, एकता, सार्वभौमसत्ता र सामाजिक मेलमिलाप एवम् सहिष्णुतालाई खलल नपुऱ्याउने गरी आफूलाई मनमा लागेका कुराहरू सार्वजनिक रुपमा व्यक्त गर्न पाउनेछन् ।

३. **बहुमतको शासन** : लोकतन्त्र भनेकै प्रतिस्पर्धात्मक एवम् निष्पक्ष चुनावका माध्यमबाट जनताको बहुमत प्राप्त राजनीतिक दलले शासन सञ्चालन गर्ने व्यवस्था हो । त्यसैले साँचो अर्थमा लोकतन्त्रको अनुभूतिका लागि बहुमतको शासन हुनुपर्दछ ।

**नेपालमा प्रयोग** – वर्तमान संविधानमा भएको राजनैतिक सहमतिको आधारमा प्रधानमन्त्री र निजको अध्यक्षतामा मन्त्रिपरिषदको गठन हुने व्यवस्थाले बहुमत मात्र होइन अल्पमत प्राप्त गर्नेले पनि शासनमा सहभागी हुन पाउने व्यवस्था गरेको छ । यदि राजनीतिक सहमतिका आधारमा प्रधानमन्त्रीको चयन हुन नसकेमा व्यवस्थापिका संसद्मा बहुमत प्राप्त व्यक्ति प्रधानमन्त्री हुने संविधानको व्यवस्थाले बहुमतको शासन प्रत्याभूति गरेको छ ।

४. **अल्पमतको कदर** : लोकतन्त्रको आधारका रुपमा बहुमतको शासन भएता पनि अल्पमतको समेत कदर गर्दै शासन सञ्चालन गर्नुपर्दछ ।

**नेपालमा प्रयोग** – वर्तमान संविधानको धारा २८४ बमोजिम गठित संवैधानिक परिषद्मा प्रतिनिधि सभाको विपक्षी दलको नेता रहने व्यवस्था गरिएको पाइन्छ ।

५. **समावेशीकरण** : अर्को लोकतान्त्रिक मूल्य मान्यताका रुपमा समावेशीकरण रहेको छ । लोकतन्त्रमा सबै वर्ग एवम् समुदायको प्रतिनिधित्व हुने कुराको सुनिश्चितता हुनुपर्दछ । अर्थात् पिछडिएको क्षेत्र एवं उत्पीडित, सीमान्तकृत र राज्यको मूल प्रवाहीकरणमा अपनाएका पक्षलाई पनि समावेश गरी शासन सञ्चालन गर्नुपर्दछ ।

**नेपालमा प्रयोग** – शासन प्रणालीलाई समावेशी बनाउन मिश्रित निर्वाचन प्रणाली अपनाइएको, धारा ७० ले राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिंग र समुदायको हुनुपर्ने व्यवस्था गरेको, धारा ७६(९) मा राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसदका सदस्यमध्येबाट समावेशी सिद्धान्त बमोजिम प्रधानमन्त्री सहित बढीमा २५ जना मन्त्री रहेको मन्त्रीपरिषद् गठन गर्ने व्यवस्था गरिएको, धारा ९१(२) मा प्रतिनिधि सभाको सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रतिनिधि सभाको सभामुख र उपसभामुखमध्ये एक जना महिला हुनुपर्ने गरी गर्नुपर्ने र प्रतिनिधि सभाको सभामुख र उपसभामुख फरक फरक दलको प्रतिनिधि हुनुपर्ने

Question Bank Nepal

व्यवस्था गरेको, धारा ९२(२) मा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला हुनुपर्ने संवैधानिक व्यवस्था गरेको पाइन्छ । त्यस्तै गरी सार्वजनिक प्रशासनलाई समावेशी बनाउन निजामती सेवा लगायत विभिन्न सेवामा आरक्षणको व्यवस्था ।

६. **सकारात्मक विभेद** : सकारात्मक विभेद पनि महत्वपूर्ण लोकतान्त्रिक मूल्य मान्यता हो । लोकतान्त्रिक शासन व्यवस्थामा समानताको सिद्धान्तका आधारमा राज्यबाट प्राप्त हुने सेवा सुविधा प्राप्त गर्न नसक्ने वर्ग जस्तै महिला, दलित, आदिवासी, जनजाति तथा मधेशीका लागि सरकारले विशेष व्यवस्था गर्नुपर्दछ भन्ने मान्यता नै सकारात्मक विभेद हो ।

**नेपालमा प्रयोग** – सकारात्मक विभेदको नीतिलाई संविधानले नै प्रत्याभूत गरेको छ । संविधानको धारा ४२ (सामाजिक न्यायको हक) मा सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने कुराको प्रत्याभूति गरिएको छ । निजामती सेवामा सकारात्मक विभेदको माध्यमका रुपमा निम्नानुसारको व्यवस्था गरिएको ।

खुला प्रतियोगिताद्वारा पदपूर्ति गरिने पदको ४५% पदलाई १००% मानी निम्नानुसारको आरक्षणको व्यवस्था –

| | |
|---|---|
| महिला - ३३% | आदिवासी जनजाति- २७% |
| मधेशी- २२% | दलित- ९% |
| अपांग- ५% | पिछडिएको क्षेत्र- ४% |

७. **कानूनी शासन** : जहाँ संवैधानिक सर्वोच्चता एवम् कानूनी शासन छैन त्यहाँ लोकतन्त्रले विकास र निकास दुवै पाउँदैन त्यसैले कानूनी शासन पनि लोकतान्त्रिक शासन व्यवस्थाको एक महत्वपूर्ण पक्ष हो ।

**नेपालमा प्रयोग** - नेपालको संविधान, २०७२ को प्रस्तावनालेँ कानूनको शासनको अवधारणालाई आत्मसात गरेको र धारा १ ले संविधानलाई देशको मूल कानून मानेको । सरकारका सम्पूर्ण काम कारवाहीहरू संविधानको परिधिभित्र रहेर निर्माण गरिएका कानूनको अधीनमा रहेर सञ्चालन हुने गरेका । संविधानको धारा १८ को समानताको हकले सबै नागरिक कानूनको दृष्टिमा समान हुने कुरा प्रत्याभूति गरेको ।

८. **पारदर्शिता र जवाफदेहिता** : लोकतन्त्र भनेको असल शासन सुशासनको जननी हो, सुशासनका लागि पारदर्शिता एवम् जवाफदेहिता नभई नहुने आधारशीला हुन् । त्यसैले सच्चा लोकतन्त्रमा पारदर्शिता र जवाफदेहिताको सुदृढ व्यवस्था हुनुपर्दछ ।

**नेपालमा प्रयोग** – सरकारको काम कारवाहीमा पारदर्शिताका लागि संविधानमा नै नागरिकको सूचनाको हकको व्यवस्था र सूचनाको हक सम्बन्धी ऐन, २०६४ को कार्यान्वयन गरिएको । जवाफदेहिताका लागि सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४, सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ को व्यवस्था ।

९. **मानव अधिकारको सुरक्षा** : लोकतन्त्रमा प्रत्येक व्यक्तिले मानव भएका नाताले मानवको सम्मानपूर्वक जीवन यापन र वृत्ति विकासका लागि आवश्यक पर्ने सम्पूर्ण अधिकार र सम्मानजनक रुपमा उपभोग गर्न पाउने सुरक्षित वातावरण राज्यले तयार गरिदिनुपर्दछ ।

**नेपालमा प्रयोग** – 'मानव अधिकारको सम्मान र संरक्षणलाई लोकतन्त्रको गहना मानी सोको संरक्षण र प्रत्याभूतिका लागि विभिन्न ३१ वटा हकलाई संविधानमै व्यवस्था गरी मौलिक हकको मान्यता दिएको सोको उल्लंघनमा उपचारको व्यवस्था साथै राष्ट्रिय मानव अधिकार आयोगको संवैधानिक व्यवस्था गरिएको ।

यसरी माथि उल्लेखित लगायत विकेन्द्रीत शासन, न्यायिक स्वतन्त्रता तथा सामाजिक न्याय जस्ता मान्यताहरुले पूर्णता पाउन सकेमा मात्र कुनै पनि देशको शासन व्यवस्था लोकतान्त्रिक हुन सक्दछ र देशका नागरिकले राज्यको सच्चा मालिक भएको आभाष गर्न सक्दछन् ।

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

**६. सार्वजनिक सेवाको अवधारणा उल्लेख गर्नुहोस् । सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी तुल्याउन राजनैतिक तटस्थता, प्रतिबद्धता, पारदर्शिता र उत्तरदायित्वको ठूलो भूमिका हुन्छ भन्ने भनाइका सन्दर्भमा आफ्नो धारणा प्रष्ट पार्नुहोस् । (Mention the concept of public service delivery. State your own view in the context of saying that there is the vital role of political neutrality, commitment,transparency and accountability to make public service delivery effective.)**

### सार्वजनिक सेवाको अवधारणा

राज्यका तर्फबाट मुनाफा आर्जन नगरीकन सर्वसाधारण जनतालाई बिना भेदभाव सहयोग गर्ने उद्देश्यले गरिएको कार्य

Question Bank Nepal

वा सरकार/सरकारी निकायहरूले जनतालाई मृत्युपर्यन्त उपलब्ध गराएको सेवा सुविधालाई नै सार्वजनिक सेवा भनिन्छ । सार्वजनिक सेवालाई सेवाग्राहीसम्म पुऱ्याउनुलाई सार्वजनिक सेवा प्रवाह भनिन्छ ।

सर्वाजनिक सेवा अन्तर्गत मूलतः टेलिफोन, विद्युत, शिक्षा, स्वास्थ्य खानेपानी, ढलनिकास, कृषि, हुलाक, यातायात, सुरक्षा जस्ता आधारभूत सेवा तथा सुविधा पर्दछन् । सार्वजनिक सेवा नागरिकहरूले समान रुपमा प्राप्त गर्न सक्ने साझा अवधारणा हो । यस अन्तर्गत राज्यले शासन व्यवस्था सञ्चालन गर्ने क्रममा जनतालाई उपलब्ध गराउने वस्तु वा सेवा सबै पर्दछन् ।

व्यापक अर्थमा राज्यको क्षेत्राधिकार भित्र र बाहिर राज्य सरकारले उपलब्ध गराउने सेवाका अतिरिक्त अन्तर्राष्ट्रिय स्तरमा समेत गैरसरकारी संस्था, निजी क्षेत्र समेतले नागरिक प्रतिको जिम्मेवारी र दायित्व अन्तर्गत प्रदान गर्ने कबोल र घोषणा पनि सार्वजनिक सेवाको अवधारणा भित्र समेटिन्छन् ।

अन्त्यमा, आफ्ना नागरिकलाई विभिन्न सेवा उपलब्ध गराउने भनी राज्यले जाहेर गरेको प्रतिबद्धता पूरा गर्न राज्यका तर्फबाट प्रदान गरिने सेवालाई वा सेवा प्रदान गर्ने कार्यलाई सार्वजनिक सेवा प्रवाह भनिन्छ । प्रभावकारी रुपमा सार्वजनिक सेवा प्रवाह गर्नु सबै लोक कल्याणकारी राज्य तथा सरकारको मुल उद्देश्य रहेको हुन्छ । प्रभावकारी सार्वजनिक सेवा प्रवाह सामाजिक न्यायमा आधारित, तोकिएको समयमा प्राप्त हुने, छनोटको पर्याप्त अवसर भएको, जनअपेक्षा अनुरुपको, जनसहभागिता प्राप्त भएको छरितो प्रणालीद्वारा वितरण हुने जस्ता गुणयुक्त हुनुपर्छ ।

**प्रभावकारी सार्वजनिक सेवाप्रवाहका लागि राजनैतिक तटस्थता प्रतिबद्धता, पारदर्शिता र उत्तरदायित्वको भूमिका**

सार्वजनिक सेवाप्रवाह देशको स्थायी सरकारका रुपमा चिनिने कर्मचारीतन्त्रले सम्हाल्ने सेवाप्रवाह हो । सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी तुल्याउन संपूर्ण कर्मचारीतन्त्रले राजनैतिक तटस्थता, प्रतिबद्धता, पारदर्शिता र उत्तरदायित्वका सीमारेखामा बाँधिएर सेवा प्रवाह सम्बन्धी कार्यहरू गर्नुपर्ने हुन्छ । तसर्थ सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी तुल्याउन राजनैतिक तटस्थता, प्रतिबद्धता, पारदर्शिता र उत्तरदायित्वको ठूलो/महत्वपूर्ण भूमिका रहन्छ । उक्त ठूलो/महत्वपूर्ण भूमिकालाई छोटकरीमा निम्नानुसार व्यक्त गर्न सकिन्छ –

★ जुनसुकै राजनीतिक दलले नेतृत्व गरेको सरकारले घोषणा गरेका कार्यक्रम र योजना भए पनि सार्वजनिक सेवाप्रवाह राजनैतिक रुपले तटस्थ रहेर गरेमा मात्र सर्वसाधारण जनताले सेवा सुविधा वा कार्यक्रमबाट लाभान्वित हुने अवसर पाउँछन् जसले गर्दा एर्का तर्फ सार्वजनिक सेवाप्रवाह प्रभावकारी हुन्छ, भने अर्को तर्फ सर्वसाधारणको सरकारप्रति सकारात्मक धारणा बन्दछ ।

★ सार्वजनिक सेवाप्रवाहसँग सम्बन्धित अधिकारीहरुमा तटस्थताको गुण भएमा मात्र मुलुकमा प्रभावकारी सेवाप्रवाह हुन गई देशको सन्तुलित विकास भई पिछडिएको वर्ग, समुदाय एवम् सम्प्रदायको पनि उत्थान हुन सक्दछ ।

★ राजनैतिक नेतृत्वले आफ्ना नीति एवम् लक्ष्यहरू घोषणा गरेर मात्र हुँदैन त्यसलाई कार्यान्वयनमा लैजान सार्वजनिक सेवाप्रवाह सँग सम्बन्धित व्यक्तिमा प्रतिबद्धता आवश्यक छ । प्रतिबद्धता बिनाको नीति एवम् घोषणा कागजको टुक्रा मात्र हुन जान्छ, जसबाट प्रभावकारी सेवाप्रवाहको कल्पना गर्नु पनि बेकार हुन्छ ।

★ पारदर्शिताबाट सार्वजनिक नीति निर्माणको प्रक्रियालाई खुला छलफलको माध्यमले निर्णयको प्रभावकारितामा अभिवृद्धि गराउन मद्दत गर्दछ । कुनै पनि सार्वजनिक नीतिको सफल कार्यान्वयन जनसहभागिता बिना सम्भव हुँदैन । त्यसैले जनसहभागिता जुटाउन नीति निर्माणकै बेला पारदर्शितमार्फत जनविश्वास प्राप्त गर्न जरुरी हुन्छ ।

★ निर्बाध सूचना प्रवाहको आधारमा समाजका सचेत र जिम्मेवार वर्गले कुनै पनि प्रस्तावित सार्वजनिक नीति र कार्यक्रमको गुण र दोष सम्बन्धमा खुला छलफल गर्न सकेमा सो सम्बन्धी उपयुक्त निर्णय लिन सम्बन्धित निकाय वा पदाधिकारीलाई मद्दत मिल्न सक्छ । तसर्थ पारदर्शिताको माध्यमबाट सार्वजनिक नीति निर्माणमा जन सहभागिता बढाएर असल शासनको प्रत्याभूति दिँदै प्रभावकारी सेवाप्रवाह गर्न सकिन्छ ।

★ पारदर्शिताबाट सार्वजनिक क्रियाकलापमा व्यापक जनसहभागिता जुटाउन सकिने हुँदा सार्वजनिक सेवाप्रवाह पनि प्रभावकारी बन्दछ ।

★ पारदर्शिताले अनुत्पादक तथा व्यर्थको हल्लालाई निरुत्साहित गरी प्रभावकारी सार्वजनिक सेवाप्रवाहका लागि ठूलो सहयोग पुर्याउँछ ।

★ पारदर्शिताले सार्वजनिक सेवाप्रवाहमा स्व सुधार (Self-correction) को अवसर प्रदान गर्दछ । जसले गर्दा सेवाप्रवाहमा सरकारी संयन्त्रलाई गलत काम गर्नबाट रोक्छ ।

Question Bank Nepal

★ पारदर्शिताले जनताको आत्मसम्मानको अभिवृद्धि गर्दछ। प्रभावकारी सार्वजनिक सेवाप्रवाह तथा विकासका लागि जनताको सम्मान एक ठूलो पूँजी मानिन्छ।

★ सरकार/प्रशासनले नागरिकलाई प्रभावकारी सेवाप्रवाहमा राम्रो काम गर्दैछ र उत्तरदायित्व बहन गर्दैछ भन्ने भावना वा प्रभाव दिन सकियो भने त्यसले सेवाप्रवाहमा सरकार/प्रशासन र नागरिक बिचको दूरीमा कमी ल्याउन सकिन्छ।

★ केन्द्रिकृत शासन पद्दतिद्वारा जनतालाई विश्वसामा लिन सरकारलाई निकै कठिनाई पर्दछ। त्यसैले सार्वजनिक काममा नागरिकलाई व्यापक रुपमा सहभागी गराई उनीहरूप्रति उत्तरदायी हुन सकेमा जनताले सरकारको काम गराईलाई शंकाको दृष्टिले होइन कि अपनत्व बोध गर्दछन्। जसले गर्दा प्रभावकारी सेवाप्रवाहमा महत्वपूर्ण सहयोग पुग्दछ।

★ सार्वजनिक उत्तरदायित्व सहितको विकेन्द्रिकरणले रोजगारी, उद्योगधन्दा, बन्द व्यापार, स्थानीय कर, साधनको परिचालन आदि मार्फत स्थानीय क्षेत्रलाई बलियो र संस्थागत गरी प्रभावकारी सेवाप्रवाहमा मद्दत पुग्न सक्छ।

★ भ्रष्टाचारलाई प्रभावकारी सार्वजनिक सेवाप्रवाहको बाधक तथा सार्वजनिक उत्तरदायित्वको शत्रुको रुपमा लिइन्छ। सार्वजनिक उत्तरदायित्वको माध्यमबाट भ्रष्टाचारलाई न्यूनीकरण गर्दै सेवाप्रवाहलाई प्रभावकारी गराउन सकिन्छ।

सारांशमा भन्दा सार्वजनिक प्रशासनमा रहेका कमी कमजोरीहरू हटाई निजी व्यवस्थापनका राम्रा गुणहरूलाई आत्मसात गर्दै राजनैतिक तटस्थता, प्रतिबद्धता, पारदर्शिता र उत्तरदायित्वको मान्यतालाई अँगिकार गरी सार्वजनिक सेवाप्रवाहलाई अगाडीं बढाउन सकेमा सार्वजनिक सेवाप्रवाह प्रभावकारी हुने कुरामा दुई मत हुन सकिदैन।

**७. सार्वजनिक व्यवस्थापनका प्रमुख कार्यहरु उल्लेख गर्नुहोस्। (Mention the major functions of public management.)**

**सार्वजनिक व्यवस्थापन (Public management)**

सार्वजनिक व्यवस्थापन सार्वजनिक प्रशासनको नवीनतम स्वरुप/अवधारणा हो। त्यसैले प्रशासन र व्यवस्थापन शब्द पर्यायवाची शब्दका रुपमा लिइन्छ। सार्वजनिक व्यवस्थापनले सरकारको निर्धारित नीति कार्यान्वयन गर्ने क्षमता र सरकारी कार्यक्रमको प्रभावकारितासँग सम्बन्ध राख्दछ। त्यसैले सार्वजनिक व्यवस्थापन शासनको अर्को रुप हो जसले राष्ट्रिय स्वार्थको लागि राजनैतिक अभ्यास समेत गर्दछ। सार्वजनिक व्यवस्थापनले सरकारका अंगहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई मात्र नसमेटेर सरकारले निजी क्षेत्र र नागरिक समाजको लागि के गर्दैछ भन्ने विषयसँग पनि सार्वजनिक व्यवस्थापन सम्बन्धित हुन्छ।

नयाँ सार्वजनिक व्यवस्थापन परम्परागत कार्यशैलीको आलोचनात्मक नभएर सरकारको भूमिका र नागरिक समाजको भूमिको सम्बन्धमा आएका परिवर्तनको सूचक पनि हो। यस अवधारणाले सरकारलाई परिणाममुखी तथा उत्पादनमुखी र गुणस्तरीय व्यवस्थापनका उद्देश्यहरूको पूर्ति गर्ने महत्वपूर्ण साधनको रुपमा स्थापित गर्न खोजेको देखिन्छ।

वर्तमान समयमा सार्वजनिक प्रशासनले आमजनताका womb to tomb का सम्पूर्ण आवश्यकता परिपूर्ति गर्नुपर्छ भन्ने मान्यतामा आमूल परिवर्तन आई सुशासन, निजीकरण, आर्थिक उदारिकरण आदिको अवधारणा आत्मसात गरेको पाइन्छ। त्यसैले सार्वजनिक प्रशासनलाई सार्वजनिक व्यवस्थापन भन्न थालिएको हो।

**सार्वजनिक व्यवस्थापनका प्रमुख कार्यहरू**

व्यवस्थापनको कार्य सम्बन्धमा विद्वानहरूको आ आफ्नै वर्गीकरण भएता पनि समग्रमा व्यवस्थापनको कार्यमा एकरुपता पाईन्छ। विभिन्न विद्वानहरूको वर्गीकरणलाई आधार मान्दा व्यवस्थापनका कार्यहरूलाई अध्ययनको सहजताको दृष्टिकोणले निम्नानुसार व्यक्त गर्न सकिन्छ।

| Functions of Management |
|---|
| **(A) संचालन कार्य (Operative Function)** |
| (१) उत्पादन (Production) |
| (२) बजारीकरण (Marketing) |
| (३) कर्मचारी (Personnel) |
| (४) वित्त (Finance) |
| **(B) व्यवस्थापकीय कार्य (Managerial Function)** |
| (१) योजना तर्जुमा गर्ने (Planning) |
| (२) संगठन गर्ने (Organizing) |
| (३) उत्प्रेरणाद्वारा कार्यसंचालन गर्ने (Actuating/ Motivating) |
| (४) नियन्त्रण गर्ने वा सुधार गर्ने (Controlling/ Reforming) |

**(A) Operative Function -** व्यवस्थापनको संचालन कार्य अन्तर्गत उत्पादन, बजारीकरण, कर्मचारी तथा वित्त आदि सम्बन्धि कार्यहरू पर्दछन्। यी सबै संचालन



Question Bank Nepal

कार्यको लागी व्यवस्थापकीय कार्यहरू सम्पादन गर्नु पर्दछ । हरेक व्यवस्थापकले आन्तरिक तथा वाह्य वातावरणलाई ध्यानमा राखेर योजना बनाउने, संगठन गर्ने, कर्मचारीको नियुक्ति गर्ने, नेतृत्व गर्ने, नियन्त्रण गर्ने आदि कार्यहरूद्वारा व्यवस्थापनका संचालन कार्यहरू सम्पादन गर्नुपर्ने हुन्छ ।

**(B) Managerial Function** - व्यवस्थापनका व्यवस्थापकीय कार्यहरू अन्तर्गत Planning, Organizing, Actuating/Motivating, Controlling/Reforming कार्यहरू पर्दछन । जुन कार्यहरूका बारेमा तल अलग अलग रुपमा छोटकरीमा चर्चा गरिएको छ ।

**(१) योजना तर्जुमा गर्ने (Planning)**

योजना तर्जुमा गर्नु भनेको भविष्यलाई पुर्व निर्धारण गर्नु हो । उद्देश्य र लक्ष्यहरू निर्धारण गर्ने र यिनको प्राप्तीको लागि सम्पन्न गर्नुपर्ने क्रियाकलापहरूको खाका तयार पार्ने कामहरू योजना तर्जमा अन्तर्गत पर्दछन् । यस चरणमा विकल्पहरूको खोजि गरिन्छ । विकल्पहरू मध्येबाट भविष्यमा गरिने कामहरूको मार्ग पहिल्याइन्छ । यस सन्दर्भमा प्रत्येक तहका व्यवस्थापकहरूको सहभागिता चाहिन्छ । योजना तर्जुमा गर्ने कामबाट निम्न कुराहरूको निर्धारण गरिन्छ ।

- कुन कुन क्रियाकलापहरू गर्ने,
- ति क्रियाकलापहरू कसरी सम्पन्न गर्ने,
- कुन क्रियाकलाप कहिले सम्पन्न गर्ने,
- कुन क्रियाकलापको लागि के कति साधन र स्रोतको आवश्यकता पर्दछ,
- कुन क्रियाकलाप कहाँ सम्पन्न गर्ने आदि ।

**(२) संगठन गर्ने (Organizing)**

संगठन गर्ने कार्य अन्तर्गत भौतिक तथा मानवीय साधनहरूको संकलन र बाँडफाँड तथा कार्यतालिकाको निर्धारण जस्ता क्रियाकलापहरू संचालन गरिन्छन्। यस कार्य अन्तर्गत उद्देश्य हासिल गर्नको लागि चाहिने क्रियाकलापको निश्चित गर्ने, ती क्रियाकलापहरूलाई विभिन्न श्रेणीमा विभाजन गर्ने र व्यवस्थापकलाई सुम्पने, उनीहरूलाई अधिकार सुम्पने तथा दायित्व निर्धारण गर्ने संग सम्बन्धित सम्पुर्ण क्रियाकलापहरूको समन्वय गर्ने जस्ता संगठनात्मक संरचना निर्धारण गर्ने संग सम्बन्धित सम्पुर्ण कार्यहरू पर्दछन् । बुँदागत रुपमा प्रस्तुत गर्दा यस कार्य अन्तर्गत निम्न कुराहरू समाविष्ट रहन्छन् ।

- योजना र उद्देश्यहरूको अध्ययन तथा पुनरावलोकन,
- क्रियाकलापहरूको निर्धारण र विश्लेषण,
- क्रियाकलापहरूलाई समुह एवम् इकाईहरूमा विभाजन,
- प्रत्येक पदको अख्तियारी र जवाफदेहिता निर्धारण,
- प्रयासहरूबीच सद्भाव अभिवृद्धि गर्नको लागि समन्वयात्मक क्रियाकलापहरू,
- जनशक्ति योजना तयार गर्ने,
- संगठनमा विद्यमान जनशक्तिको लेखा राख्ने,
- कार्य विवरण र कार्य विशिष्टिकरण निर्धारण गर्नको लागि कार्य विश्लेषण,
- जनशक्तिको प्राप्ती, जनशक्ति विकास, जनशक्ति परिचालन आदि ।

**(३) उत्प्रेरणद्वारा कार्य संचालन गर्ने (Actuating/ Motivating)**

व्यक्तिको व्यवहार (Individual Behaviour) लाई संगठनको उद्देश्य हासिल गर्नको लागि निर्देशित गर्ने कार्यलाई उत्प्रेरणद्वारा कार्यसंचालन गर्ने कार्य भनिन्छ । यस कार्यलाई निर्देशन दिने (Directing), नेतृत्व दिने (Leading), कार्य उन्मुख गराउने (Actuating) र समन्वय गराउने (Coordinating) काम पनि भन्ने गरिएको पाइन्छ। यस अन्तर्गत निम्न कामहरू पर्दछन्।

- प्रभाव पार्ने (Influencing)
- सुपरीवेक्षण गर्ने (Supervision)
- मार्गदर्शन गर्ने (Guiding)
- निर्देशन दिने (Directing)
- कर्मचारीलाई काम प्रति अभिप्रेरित गर्ने (Motivating Employees)

**(४) नियन्त्रण वा सुधार गर्ने (Controlling/Reforming)**

यस कार्य अन्तर्गत संगठनको लक्ष्य हासिल गर्नको लागि संगठनात्मक कार्य सम्पादनको अनुगमन मुल्यांकन सम्बन्धि क्रियाकलापहरू समावेश गरिन्छन् । कार्यको अनुगमन गरी सम्पन्न भएका क्रियाकलापहरूको मापन गरेर अपेक्षित लक्ष्य प्राप्त गर्नको लागि तिनीहरूमा सुधार गर्नुपर्ने भए सुधार र समायोजन गर्ने समेतका क्रियाकलापहरू यस अन्तर्गत पर्दछन् । नियन्त्रण गर्ने कार्यलाई अनुगमन गर्ने, तुलनात्मक अध्ययन गर्ने र सुधार गर्ने प्रक्रियाको चक्रको रुपमा बुझ्न सकिन्छ । सारांशमा व्यवस्थपनका कार्यहरूलाई निम्न चित्रको माध्यमद्वारा व्यक्त गर्न सकिन्छ ।

Question Bank Nepal




अन्त्यमा, पहिले निजी संगठनमा मात्र प्रयोग गरिने व्यवस्थापनको अवधारणा वर्तमान समयमा नविन सार्वजनिक व्यवस्थापनको नामले सार्वजनिक क्षेत्रमा पनि प्रयोग गर्न थालिएको छ । जसले गर्दा प्रशासन र व्यवस्थापन बीचको भेद लाई कम गर्दै लगेको पाइन्छ । व्यवस्थापन शब्द सर्वब्यापी हुने क्रममा यसको कार्यक्षेत्र पनि व्यापक र परिष्कृत हुँदै गएको छ । छोटकरीमा भन्नुपर्दा व्यवस्थापनको प्रमुख कार्य योजना वनाउनु र महत्वपुर्ण निर्णय लिनु हो , जुन निजी वा सरकारी जुनसकै संगठनमा गर्नु पर्ने हुन्छ । व्यवस्थापक व्यवस्थापन प्रकियाको एउटा प्रमुख अंगको रुपमा रहेको हुन्छ । यस अर्थमा कुशल व्यवस्थापक त्यो व्यक्ति हो जसले मानव स्रोत, आर्थिक स्रोत, भौतिक स्रोत र सुचना स्रोतको उपयुक्त योजना, सगठन, नेतृत्व र नियन्त्रण गर्ने कार्य गर्दछ ।

**८. सार्वजनिक नीतिलाई परिभाषित गर्दै सार्वजनिक नीति निर्माण प्रक्रिया प्रस्तुत गर्नुहोस् । (Defining public policy, present the process how public policy is formulated.)**

### सार्वजनिक नीतिको परिचय (Defining public policy)

संक्षेपमा सरकारको नीति नै सार्वजनिक नीति हो अर्थात् सरकारले के गर्ने वा के नगर्ने भनी गरेको निर्धारण नै नीति हो । सरकारले सर्वसाधारण जनतामाझ विभिन्न किसिमका घोषणाहरू गरेको हुन्छ, त्यस्ता आफ्ना सामाजिक, आर्थिक वा राजनीतिक प्रकृतिका घोषणाहरूलाई पूरा गर्नका लागि सरकारले कानूनका माध्यमबाट नीति जारी गर्दछ ।

सार्वजनिक नीति कुनै विषयवस्तुलाई सम्बोधन गर्ने विशेष जवाफ हो, यसमा भविष्यमा गरिने कार्यहरूलाई स्पष्ट रुपमा उल्लेख गरिएको हुन्छ । यस किसिमको नीति जवाफ भित्र नीति वक्तव्य, नीति कार्य र नीति परिणाम वा उपलब्धी सम्बन्धी कुराहरू परेका हुन्छन् । नीति वक्तव्यमा कार्य गर्ने सम्बन्धमा सरकारको मनसाय प्रतिविम्बित हुन्छ भने वक्तव्यमा पहिचान गरिएका कार्यहरू कुन निकायले सम्पन्न गर्दछ भन्ने कुरा नीति कार्यमा रहेको हुन्छ र सो नीतिको कार्यान्वयन पछि के परिणाम वा उपलब्धी हुन्छ भन्ने कुराहरू पनि सार्वजनिक नीतिमा रहेका हुन्छन् ।

सार्वजनिक नीति कुनै विषयका सम्बन्धमा निश्चित उपलब्धी वा परिणाम हासिल गर्नको लागि गर्नुपर्ने निर्णयहरु गर्न मार्गदर्शन गर्ने पूर्वनिर्धारित कार्य योजना हो । कानूनले कुनै कार्य गर्न वा नगर्न बाध्य गर्दछ भने नीतिले कुनै निश्चित उपलब्धीतर्फ कार्यहरू गर्न मार्ग दर्शन मात्र गर्दछ ।

समग्रमा भन्दा सार्वजनिक नीति जनताले भोगेका समस्याहरूको समाधान गर्ने प्रयास स्वरुप सुरु हुन्छ र यसको तर्जुमा गर्ने कार्य सरकारबाट हुने गर्दछ । यसको कार्यान्वयन सार्वजनिक तथा निजी क्षेत्रले गर्दछन् । सार्वजनिक नीति सरकारले के गर्नु पर्छ र के गर्नु हुँदैन भन्ने कुराको छनोट हो । सार्वजनिक नीतिले लामो समयमा हासिल गर्ने लक्ष्य निर्धारण गरेको हुन्छ र त्यसका लागि योजना कार्यक्रम र रणनीतिहरू तर्जुमा गरिन्छ ।

### सार्वजनिक नीति निर्माण प्रक्रिया (नीति निर्माण चक्र)

आर्थिक, सामाजिक, राजनीतिक आदि क्षेत्रमा सञ्चालन गर्ने कार्यलाई मार्गदर्शन गर्ने कार्ययोजना बनाई त्यसलाई निश्चित ढाँचामा मस्यौदा गरी संगठनको उच्च व्यवस्थापनबाट कानूनी मान्यता दिएर सार्वजनिक नीति तर्जुमा गर्ने गरिन्छ । सार्वजनिक नीति तर्जुमा भन्नाले समग्रमा निम्न कार्य वा प्रक्रियालाई बुझिन्छ –

- ★ नीतिको विषय स्वीकृत भई नीति विश्लेषणका आधारमा प्राप्त निष्कर्षलाई नीतिको संरचनागत र कार्यगत स्वरुपको निर्धारण,
- ★ नीतिको समग्र वातावरणीय अन्तरसम्बन्ध लाई परिभाषित र व्याख्या गर्ने कार्य,
- ★ नीतिको कार्यान्वयनमा जिम्मेवार निकायबीचको अन्तरसम्बन्धलाई परिभाषित र व्याख्या गर्ने कार्य गर्दछ ।

सार्वजनिक नीति तर्जुमा गर्न मूलत : निम्न ३ कुराहरु आवश्यक हुने गर्दछन् –

(क) समस्यालाई सार्वजनिक निकायद्वारा सम्बोधन गर्नुपर्ने अवस्था भएको,

(ख) समस्या समाधान गर्ने स्वीकार्य उपायको पहिचान भएको, र

(ग) बहुमत नीति निर्माताहरू नीति निर्माण गर्न सहमत भएको ।

Question Bank Nepal

सार्वजनिक नीति निर्माण प्रक्रिया भन्नाले सार्वजनिक नीतिको आवश्यकता महसुस देखि लिएर नीतिको तर्जुमा, सोको कार्यान्वयन, अनुगमन मूल्यांकन तथा पृष्ठपोषण सम्बन्धी सम्पूर्ण कार्यलाई बुझिन्छ । अर्को शब्दमा भन्दा सार्वजनिक नीति निर्माण प्रक्रियालाई समग्रमा नीति चक्र भनेर पनि बुझ्ने गरिन्छ । चरणवद्ध रुपमा हेर्दा सार्वजनिक नीति निर्माण प्रक्रियामा निम्न चरणहरू समावेश हुने गर्दछन् –




सार्वजनिक नीति तर्जुमा कार्यमा संलग्न निकायहरू – (क) व्यवस्थापिका, (ख) कार्यपालिका (प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालय एवम् सचिवालयहरू, विभागहरू र संगठित संस्थाहरू), (ग) न्यायपालिका, (घ) गैरसरकारी संरचनाहरू र (ङ) बाह्य निकायहरू आदि ।

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

**३. मानव श्रोत व्यवस्थापनका प्रमुख आयामहरुबारे संक्षिप्त चर्चा गर्नुहोस् । (Briefly discuss the major dimensions of human resource management.)**

**मानव स्रोत व्यवस्थापनका प्रमुख आयामहरू**

कुनै पनि संगठनको पूर्व निर्धारित संगठनात्मक उद्देश्य प्राप्तिका लागि मानव श्रोत एक महत्वपूर्ण सजिव श्रोतको रुपमा रहेको हुन्छ । यस श्रोतको समुचित परिचालन मार्फत संगठनात्मक उद्देश्य प्राप्तिका लागि मानव श्रोत व्यवस्थापनका विभिन्न आयाम/तत्वहरूको उचित व्यवस्थाको आवश्यकता पर्दछ । मानव श्रोत व्यवस्थापनका प्रमुख आयाम/तत्वहरू अन्तर्गत संस्थाका लागि आवश्यक कर्मचारीहरूको प्राप्ति, विकास, उपयोग र सम्भारलाई लिने गरिन्छ । ती आयामहरू अन्तर्गत पनि विभिन्न सहायक क्रियाकलापहरू संचालन गर्ने गरिन्छ । त्यसैले यहाँ मानव स्रोत व्यवस्थापनका प्रमुख आयाम/तत्वहरूलाई देहाय बमोजिम चित्रबद्ध गरिएको छ :–




माथि चित्रमा प्रस्तुत गरिएको मानव संसाधन व्यवस्थापनका आयाम/ तत्वहरूबारेमा देहायअनुसार संक्षिप्तमा चर्चा गर्न सकिन्छ :–

**(क) प्राप्ति (Acquisition)**

★ मानव संसाधन व्यवस्थापनको सुरुवात मानव संसाधन प्राप्तीबाट हुन्छ अर्थात् संस्थालाई आवश्यक पर्ने उचित व्यक्ति प्राप्त गर्ने योजना बनाउनु, भर्ना गर्नु, प्राप्त व्यक्तिहरूमध्येबाट उचित व्यक्ति छनौट गर्नु र छनौट गरिएको व्यक्तिलाई संस्थाको वातावरणसँग घुलमिल गराउनु नै मानव संसाधनको प्राप्ति हो ।

★ यस अन्तर्गतको प्रथम कार्य संस्थालाई आवश्यक पर्ने जनशक्ति सम्बन्धी योजना बनाउनु हो, जसमा संस्थागत उद्देश्य प्राप्त गर्नका लागि भविष्यमा कस्तो किसिमको व्यक्ति कति जना कहाँबाट कसरी ल्याउने भनेर योजना तर्जुमा गरिन्छ ।

★ मानव स्रोत प्राप्तिको दोस्रो चरणमा भर्नाको कार्य गरिन्छ, जसअन्तर्गत संस्थालाई आवश्यक पर्ने व्यक्ति कहाँ छन् भनेर खोज्ने र उनीहरूलाई संस्थामा दरखास्त दिनको लागि उत्प्रेरित गरी धेरै भन्दा धेरै व्यक्तिहरूबाट दरखास्त प्राप्त गर्ने आदि कुराहरू पर्दछन् ।

★ मानव संसाधन प्राप्तीको तेस्रो चरण अन्तर्गत प्राप्त भएका दरखास्तहरूमध्येबाट उपयुक्त किसिमको व्यक्ति छनौट गर्नका लागि छनौटमा विभिन्न प्रक्रियाहरू अपनाइन्छ ।

★ जनशक्ति प्राप्तिको अन्तिम चरण अन्तर्गत संस्थामा नियुक्त भइसकेका कर्मचारीहरूलाई संस्थाको वातावरण तथा कामसँग घुलमिल गराइन्छ ।

**(ख) विकास (Development)**

★ मानव स्रोत व्यवस्थापनको दोस्रो तत्व संस्थामा कार्यरत जनशक्तिको विकास हो, जस अन्तर्गत संगठनमा प्राप्त भएका कर्मचारीहरूको क्षमता विकासका लागि प्रदान

Question Bank Nepal

गरिने तालिम, व्यवस्थापन विकास र वृत्ति विकास समावेश हुन्छन् ।

★ संस्थामा कार्यरत मध्यम एवम् तल्लो स्तरका कर्मचारीहरूलाई उनीहरूको कामसँग सम्बन्धित सीप, क्षमता, व्यवहार एवम् मनोवृत्ति विकास गरी संगठनात्मक उत्पादकत्व बढाउन तालिम सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ भने व्यवस्थापकीय पदमा काम गर्ने कर्मचारीहरूको व्यवस्थापन क्षमता वृद्धि गर्नका लागि विकास कार्यक्रम सञ्चालन गरिन्छ, जसले संगठनको समग्र कार्यप्रक्रिया, नीति, नियम, निर्णय, प्रक्रिया, संगठनको संरचना आदिबारे व्यवस्थापकहरूलाई जानकारी दिन्छ ।

★ मानव संसाधन विकासको तेस्रो पक्ष Career Development हो, अर्थात् कुनै पनि संगठनमा आबद्ध भई कार्य गरिसकेपछि व्यक्तिले आफ्नो पनि वृत्ति विकास भएको हेर्न चाहन्छ यसका लागि संगठनले व्यक्तिको क्षमता तथा चाहना र संगठनात्मक आवश्यकताबीच निरन्तर रुपमा तालमेल गर्दै व्यक्तिलाई उचित अवसरहरू बारम्बार रुपमा उपलब्ध गराउनुपर्छ ।

★ विकासका माध्यमबाट कर्मचारीमा आफ्नो कामप्रतिको ज्ञान तथा क्षमता बढाउन सकिन्छ र उनीहरूको कामप्रतिको उत्तदायित्वमा समेत विकास हुन जान्छ ।

(ग) **उपयोग/उत्प्रेरणा (Utilization/Motivation)**

★ मानव स्रोत व्यवस्थापनको तेस्रो तत्वको रुपमा रहेको उपयोगलाई उत्प्रेरणा पनि भन्ने गरिन्छ । संस्थाको लागि आवश्यक कर्मचारी प्राप्त गरेर उनीहरूको क्षमता वृद्धि गरेर मात्र कर्मचारी कामप्रति तत्पर हुँदैनन् । त्यसैले संस्थाको हितमा उनीहरूमा रहेको क्षमताको उपयोग गर्न उनीहरूलाई कामप्रति आवश्यक उत्प्रेरणा जगाउनु पर्ने हुन्छ ।

★ मानव स्रोत व्यवस्थापनको यस तत्व अन्तर्गत कार्य ढाँचाको निर्धारण, कार्यसम्पादन मूल्यांकन, पुरस्कार र दण्डको व्यवस्था, कार्यमूल्यांकन, क्षतिपूर्ति, अनुशासन आदि पर्दछन् ।

★ कर्मचारीमा उत्प्रेरणा जगाउनका निम्ति कामको ढाँचाको निर्धारण र सरलीकरण, सन्तोषजनक कार्यसम्पादनको यथार्थ मूल्यांकन एवम् त्यसका आधारमा राम्रो कार्य सम्पादन गर्नेलाई उपयुक्त पुरस्कार र राम्रो कार्य सम्पादन नगर्ने व्यक्तिलाई दण्डको व्यवस्था, काममा भएको कार्यभार र कार्यको गाह्रोपनाको निर्धारण गरी उपयुक्त व्यवस्थापन र मिलान कार्यको गाह्रोपन र कार्यसम्पादन अनुसारको उचित क्षतिपूर्तिको निर्धारण, कर्मचारीको अनुशासन र त्यसको मूल्यांकन एवम् अनुशासनात्मक कारबाही आदि सञ्चालन गरिन्छ ।

★ उचित उत्प्रेरणाले नै संस्थागत कार्यसम्पादनको लागि कर्मचारीहरू आफ्नो क्षमता बढीभन्दा बढी प्रयोग गर्न तत्पर हुन्छन् तसर्थ कर्मचारीको क्षमता संस्थागत लक्ष्य प्राप्तिमा उपयोग गर्नका निम्ति कर्मचारीलाई विभिन्न माध्यमद्वारा उत्प्रेरित गर्नुपर्दछ ।

(घ) **सम्भार (Mainteance)**

★ मानव संसाधन व्यवस्थापनको अन्तिम तत्व सम्भार हो । सम्भार अन्तर्गत कर्मचारीहरू जो संस्थाको उद्देश्य प्राप्त गर्नका लागि सक्षम छन् ती व्यक्तिहरूलाई लामो अवधि भर संस्थामा रहिरहने वातावरण सिर्जना गर्ने कुरा पर्दछन् ।

★ राम्रो कार्य सम्पादन गर्ने व्यक्तिलाई संस्थामा बसिरहने र लामो अवधिभर सेवा उपलब्ध गराउने स्थिति सिर्जना गर्नको लागि कर्मचारीहरूको स्वास्थ्य तथा सुरक्षाको व्यवस्था गर्दै कर्मचारी बीचमा सुमधुर सम्बन्ध सिर्जना गर्ने आदि जस्ता कार्यहरू गर्नुपर्दछ ।

व्यक्त गर्दा जुन माध्यमले जसरी व्यक्त गरिएता पनि मानव संसाधन व्यवस्थापनका सर्वमान्य आयाम/तत्वहरू प्राप्ति, विकास, उपयोग, र सम्भार गरी चार वटा नै हुन् । जुन संगठनले मानव संसाधन व्यवस्थापनका यी आयाम/तत्वहरूको सन्तुलित एवम् कुशल रुपमा व्यवस्थापन गर्न सक्दछ त्यसले मात्र आफ्ना संस्थागत लक्ष्य एवम् उद्देश्य प्राप्त गर्न सक्दछ ।

**१०. सहभागितामूलक योजनाका प्रमुख विशेषताहरु उल्लेख गर्दै नेपालको विकास प्रशासनमा सहभागितामूलक योजनाको अभ्यासको अवस्था दर्शाउनुहोस् ! (Mentioning the major features of participatory planning, present the status of the practice of participatory planning in the development administration of Nepal.)**

**सहभागितामूलक योजनाका प्रमुख विशेषताहरू**

योजना प्रक्रियाका सबै चरणहरू (तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन) मा सरोकारवाला समूह र जनताको सहभागिता गराइनुलाई नै सहभागितामूलक योजना भनिन्छ । सहभागितामूलक योजनाका प्रमुख विशेषताहरूलाई देहायबमोजिम व्यक्त गर्न सकिन्छ :-

★ योजनाको पहिचान Bottom up model मा हुने ।

★ योजना चक्रका सबै चरणमा सरोकारवाला समूह तथा नागरिकको सक्रिय सहभागिता हुने ।

Question Bank Nepal

★ योजनाप्रति जनताले अपनत्वको महसुस गरी स्वामित्व ग्रहण गर्ने ।

★ योजना कार्यान्वयन गर्न सहज हुने ।

★ विकासको लाभ जनताले प्रत्यक्ष रुपमा समान रुपले प्राप्त गर्न सक्ने ।

★ योजनाहरूमा Time over run र cost over run नहुने ।

★ योजना सञ्चालनका क्रममा उत्पन्न हुने fudiciary Risk लाई कम गराउने ।

★ योजना कार्यान्वयन स्थलमा हुने विभिन्न पक्षको अवरोधलाई कम गराउँदछ ।

★ योजना कार्यान्वयन तथा सञ्चालनमा सरकारप्रतिको निर्भरता घटाउने ।

**नेपालको विकास प्रशासनमा सहभागितामूलक योजना अभ्यासको अवस्था**

विकासको निम्ति "प्रतिस्पर्धा, परिवर्तन र परिणाम" तथा "समन्वय, साझेदारी र सहभागिता" लाई एकिकरण संयोजन गर्न सक्ने प्रशासन नै विकास प्रशासन हो । अर्थात् सामाजिक सशक्तिकरण र जागरण सहित जनतालाई स्थानगत आवश्यकता र सम्भावना अनुकूल पूर्वाधार एवम् अन्य भौतिक सुविधा उपलब्ध गराई आर्थिक सामाजिक सम्वृद्धि हासिल गरी सुशासन प्रत्याभूत गराउन सक्षम प्रशासनिक पद्दति नै विकास प्रशासन हो ।

नेपालको विकास प्रशासनमा सहभागितामूलक योजना अभ्यासको अवस्थालाई देहायबमोजिम व्यक्त गर्न सकिन्छ :-

★ नेपालमा वि.सं. २०१३ सालमा योजनाबद्ध विकासको सुरुवात विकास भएपछि विकास प्रशासनको प्रयोग भएको हो र यसलाई व्यवस्थित र सक्षम बनाउन २०१३ सालमै निजामती सेवा ऐन लागू भएको ।

★ प्रथम पञ्चवर्षीय योजनाले नै सबै जनालाई जीवनस्तर माथि उठाउन उचित अवसर प्रदान गर्ने प्रमुख उद्देश्य राखी जनतालाई विकास प्रशासनमा निष्क्रिय रुपमै भएपनि सहभागी बनाउने उद्देश्य राखेको ।

★ योजनामा सहभागिताको अभ्यासलाई छैठौं योजनाले महिला सहभागिता गराउने नीति लिई अगाडि बढाएको पाइन्छ ।

★ आवधिक योजनामा सहभागितामूलक योजना अभ्यासलाई व्यवस्थित रुपमा अवलम्बन गर्ने कार्यको थालनी भने आठौं योजनाबाट भएको पाइन्छ र त्यस पछिका योजनाहरूले यसलाई अझ व्यापक रुपमा समावेश गर्दै आएका छन् ।

★ वर्तमान तेह्रौ आवधिक योजनाले देशमा व्याप्त आर्थिक तथा मानवीय गरिबी घटाई आम जनताको जीवनस्तरमा प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउने उद्देश्यका साथ लक्षित वर्ग, क्षेत्र र समूहको आर्थिक र सामाजिक सशक्तिकरण अभिवृद्धि गर्ने रणनीति लिएको छ भने विकासमा लैंगिक समानता र समावेशीकरणलाई अन्तर सम्बन्धित विकास नीतिहरू अन्तर्गत राखी यसका लागि छुट्टै उद्देश्य, रणनीति र कार्यनीति लिएको पाइन्छ ।

★ विकास प्रक्रियामा स्थानीय जनताको सहभागिता बढाउन रु. ६० लाख सम्मको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था सार्वजनिक खरिद ऐन र नियमावलीमा गरिएको ।

★ स्थानीय स्वायत्त शासन ऐन र नियमावली बमोजिम जि.वि.स., न.पा. र गा.वि.स. ले स्थानीय जनताको सहभागितामा विकास प्रशासन सञ्चालन गर्ने गरेका ।

Question Bank Nepal

# २. लोकसेवा आयोगद्वारा २०७० सालमा सोधिएका प्रश्नहरु र समाधान

## प्रश्नहरु

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

1. शासनको विशिष्ट गुणहरु प्रस्तुत गर्नुहोस र शासन तथा सरकार बीचका प्रमुख भिन्नताहरु औल्याउनुहोस् । (Give the specific characteristics of governance and show the major differences between governance and government.)
2. नेपालको प्रशासनिक संरचना जनमैत्री बनाउन के कस्ता सुधार आवश्यक ठान्नुहुन्छ ? व्याख्या गर्नुहोस् । (Explain the necessary reform measures to make Nepalese administrative structure people friendly.)
3. नेपालको वर्तमान राजनीतिक, आर्थिक तथा सामाजिक परिवेशमा सूचनाको हकको पूर्ण प्रत्याभूति गराउंन राज्य सामू रहेका मुख्य मुख्य चुनौतीहरुको चर्चा गर्दै सूचनाको हक र पारदर्शिताका सीमाहरु उल्लेख गर्नुहोस् । (Briefly explain the challenges that hindering the arrurance of right to information in Nepal's current socio-economic and political situation and also mention the limitations of right to information and transparency.

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

4. नेपालको अन्तरिम संविधान, २०६३ मा राज्यका ३ अंगका बीचमा शक्ति सन्तुलन र नियन्त्रणको प्रभावकारी व्यवस्था कसरी गरिएको छ ? विवेचना गर्नुहोस् । (Discuss how effective check and balance of power between 3 main organs of the state has been managed in the Interim Constitution of Nepal, 2063?)
5. "कानूनी राज्य" को अवधारणाको वर्णन गर्नुहोस् र नेपालमा कानूनी राज्यको अवस्थाको मूल्यांकन गर्नुहोस् । (Explain the concept of "rule of law" and evaluate the state of rule of law in Nepal?)

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

6. राजनीतिक तटस्थता भनेको के हो ? नेपालको सार्वजनिक व्यवस्थापनमा राजनैतिक तटस्थताको प्रयोग सम्बन्धी विद्यमान समस्याहरुको विवेचना गर्नुहोस् । (What is "Political Neutrality"? Identify and discuss the present problems regarding its use in Nepalese public management.)
7. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी तुल्याउन नेपालमा अवलम्न गरिएका नव प्रवर्तनशील कदमहरु उल्लेख गर्दै सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी तुल्याउने क्रममा देखिएका प्रमुख समस्याहरुको समीक्षा गर्नुहोस् । (Mention the innovative initiatives taken for effective public service delivery in Nepal and review the major problems of public service delivery encountered in order to make it effective.)
8. "सार्वजनिक सेवा बडापत्र" का उद्देश्यहरुमाथि प्रकाश पार्दै यसका फाइदाहरु उल्लेख गर्नुहोस् । (Shading light on the objectives of "Public Service Charter", mention its benefits. )

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

9. मानव संसाधन विकासको विशेषताहरु उल्लेख गर्दै यसको आवश्यकताको बारेमा प्रष्ट पार्नुहोस् । (Mention the characteristics of human resource development and justify the need of Human Resources Management.)
10. सरकारी लेखा प्रणालीबारे चर्चा गर्दै यो प्रणालीबाट नेपालको वित्तीय व्यवस्थापनमा पुगेको योगदानबारे चर्चा गर्नुहोस् । (Explain government accounting system and discuss the contribution of this system to financial management in Nepal.)

Question Bank Nepal

# २०७० सालमा सोधिएका प्रश्नको समाधान

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

**१. शासनको विशिष्ट गुणहरु प्रस्तुत गर्नुहोस र शासन तथा सरकार बीचका प्रमुख भिन्नताहरु औल्याउनुहोस् । (Give the specific characteristics of governance and show the major differences between governance and government.)**

**शासनको विशिष्ट गुणहरू (Specific characteristics)**

राज्य सञ्चालनको गतिविधिलाई शासन भनिन्छ । राज्यको प्रार्दुभाव सँगै विकास भएको शसन सम्बन्धी अवधारणालाई वर्तमान समयमा असल शासन/सुशासन/जनताको शासन जस्ता पर्यायवाची शब्दहरू प्रयोग गरी व्याख्या विवेचना गर्ने गरेको पाइन्छ । पछिल्लो समयमा जनताले सार्वजनिक हितार्थ (आफ्नै हितका लागि) आफैं मार्फत आफ्ना क्रियाकलापलाई व्यवस्थापन गर्न सञ्चालन गर्ने कार्यप्रक्रियाको समष्टी नै शासन हो भन्ने मान्यतालाई जोडदार रुपमा अगाडि सारिएको पाइन्छ । यसै सन्दर्भमा शासनका विशिष्ट गुणहरू समेत पहिचान गरिएको पाइन्छ । ती विशिष्ट गुणहरूलाई देहायका बुँदाहरूमा उल्लेख गर्न सकिन्छ :-

- Use of state power
- Coercive Power
- Regulatory Power
- Accountable government
- Transparent government
- Provision of seperation of power and check and Balalce
- Participatory government
- Consensus oriented government
- Constitutionalism
- Rule of law/Supremecy of law
- Decentralized government
- Political stability
- Respect of human rights
- Legitimacy and civil suporemacy
- Complex and comprohensive
- Managerial style
- Affected by governance structure
- Inter disciplinary subject matter
- A changeability contiuonus system
- Multiple objectives and expectations
- Mirror of the society etc.

**शासन तथा सरकार बीचका प्रमुख भिन्नताहरू**

**शासन** – औपचारिक एवं अनौपचारिक साझेदारहरूसँग सहकार्य गर्दै सरकारको उपस्थिति जनतामाझ र जनतालाई सरकारको नजिक ल्याउने एउटा सेतु नै शासन हो । शासनका अनौपचारिक शासन, नागरिक समाजको शासन, सहकारितामूलक शासन, व्यवासायिक शासन आदि जस्ता विभिन्न स्वरुप हुन्छन् ।




**सरकार**– सरकारको राज्यको लक्ष्य पूरा गर्ने र राज्यको शक्तिमा उर्जा प्रदान गर्ने साधन हो । राज्यका इच्छालाई व्यवहारमा कार्यान्वयन गर्ने संयन्त्र नै सरकार हो । सरकार भनेको निश्चित भूभागमा शासन सञ्चालन गर्ने संस्था हो जसले राज्यका लागि आवश्यक पर्ने कानून निर्माण गर्ने, लागू गर्ने र त्यसरी लागू भएका कानूनको पालना नभएमा दण्ड गर्न सक्ने coercive power प्राप्त गरेको हुन्छ ।




Government

माथि सचित्र गरिएको संक्षिप्त चर्चा समेतका आधारमा शासन र सरकारका बीचमा रहेका मूलभूत भिन्नताहरूलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ :-

| शासन | सरकार |
|---|---|
| शासन राज्यव्यवस्था सञ्चालन गर्ने गतिशील प्रक्रिया हो । | सरकार शासन सञ्चालन गर्न स्थापना गरिएको एउटा संयन्त्र हो । |
| सरकारले सञ्चालन गर्ने सम्पूर्ण क्रियाकलापको समष्टि नै शासन हो । | राज्य शक्ति प्रयोग गर्ने प्रमुख तीन अंग कार्यपालिका, व्यवस्थापिका |

Question Bank Nepal

| | |
|---|---|
| | र न्यायपालिकाको समष्टि नै सरकार हो । |
| □ शासन अमूर्त हुन्छ । | □ सरकार मूर्त हुन्छ । |
| □ शासन अन्तर्गत राज्यभित्र र बाहिरका पात्रहरू समावेश हुन्छन् । जस्तै : global goernance कुनै एक मुलुकको दायरामा मात्र सीमित हुँदैन । | □ सरकार कुनै एक मुलुकको शासनसँग मात्र सम्बन्धित छ । |
| □ शासनको अवधारणा तुलनात्मक रुपमा बृहत रहेको हुन्छ । | □ सरकारको अवधारणा तुलनात्मक रुपमा संकुचित रहेको हुन्छ । |
| □ Corporate Governance. ले शासनमा निजि क्षेत्र समेतलाई समेट्दछ । | □ सरकार भने जहिले पनि सार्वजनिक क्षेत्र हो । |
| □ शासन अनुभूति/अनुभव गर्ने विषय हो । | □ सरकार दृश्य व्यक्ति वा व्यक्तिहरूको समूह हो । |
| □ शासन व्यवस्था तुलनात्मक रुपमा लामो अवधिसम्म एउटै कायम रहिरहन्छ । | □ शासन व्यवस्थाको तुलनामा सरकार छिटोछिटो परिवर्तन हुन्छ । |
| □ शासन राज्य सञ्चालनका लागि आवश्यक कार्य प्रक्रिया हो । | □ सरकार राज्य निर्माणको एउटा आधारभूत तत्व हो । |
| □ शासनलाई औपचारिक, अनौपचारिक, सहकारी, व्यवसायिक, नागरिक समाजको शासन लगायतका बहुस्तरीय शासनको रुपमा वर्गीकरण गर्न सकिन्छ । | □ सरकारलाई मूलतः संसदीय अध्यक्षात्मक, एकात्मक र संघात्मक, लोकतान्त्रिक र निरंकुश सरकार गरी विभिन्न रुपमा वर्गीकरण गर्ने गरिन्छ । |

अन्त्यमा सरकार र शासन शब्दहरू एक आपसमा अन्तरसम्बन्धित शब्दहरू हुन् । यी दुवै शब्दहरूको प्रयोग राज्य सञ्चालन सन्दर्भमा गर्ने गरिन्छ । यदि सरकार र शासन शब्दहरूमा अन्तर गरिएमा यो स्पष्ट हुन्छ कि एउटा सरकारले जे गर्छ त्यसलाई नै शासन भनिन्छ र शासन सञ्चालनका लागि जुन संयन्त्रको स्थापना गरिन्छ त्यसलाई सरकार भनिन्छ ।

**२. नेपालको प्रशासनिक संरचना जनमैत्री बनाउन के कस्ता सुधार आवश्यक ठान्नुहुन्छ ? व्याख्या गर्नुहोस् । (Explain the necessary reform measures to make Nepalese administrative structure people friendly.)**

**नेपालको प्रशासनिक संरचना**

राजनीति र प्रशासन शासनका दुई पाटा हुन् । त्यसैले भन्ने गरिन्छ, राजनीति र प्रशासनका क्रियाकलापहरूको समष्टी नै शासन हो । प्रशासनिक क्रियाकलापहरू प्रशासनिक संरचनाबाट सञ्चालन हुने गर्दछ । राजनैतिक संरचना वा सरकारद्वारा जारी गरिएका नीति तथा कार्यक्रम जनसमक्ष पुऱ्याउन अर्थात् प्रभावकारी कार्यान्वयन गराउन ऐन कानून बमोजिम स्थापना गरिएका निकायहरू प्रशासनिक संरचना हुन् । नेपालमा शासनमा सहयोग पुऱ्याउन यस्ता प्रशासनिक संरचनाहरू देहायबमोजिम केन्द्रदेखि गाउँसम्म स्थापना गरिएको छ । यहाँ स्मरणीय छ की वि.सं. २०७२ असोज ३ गतेदेखि लागू भएको नेपालको संविधानले मुलुकलाई संघीयतातर्फ अगाडि बढाएको र उक्त संविधानले संघ, प्रदेश र स्थानीय गरी ३ तहको संरचनाको उल्लेख गर्दै अधिकार पनि बाँडफाँड गरिसकेको अवस्था छ । तथापि नयाँ संविधान अनुसारको नेपालको प्रशासनिक संरचना निर्माणाधीन चरणमै रहेकोले मौजुदा प्रशासनिक संरचना बारेमा यहाँ चर्चा गरिएको छ ।

**नेपालको प्रशासनिक संरचनाको विद्यमान संरचना**




नेपालमा यसरी स्थापना गरिएका प्रशासनिक संरचनाहरूलाई केन्द्रीय प्रशासनिक संरचना, क्षेत्रीय प्रशासनिक संरचना (क्षेत्र र अञ्चल स्तरीय) र स्थानीय प्रशासनिक संरचना (जिल्ला, इलाका र गाउँस्तरीय) गरी तीन तहमा मात्र विभाजन गरी अध्ययन गर्ने गरिएको समेत पाइन्छ ।

नेपालको संविधान २०७२ ले परिकल्पना गरेको संघात्मक प्रशासनिक संरचनालाई देहाय अनुसार प्रस्तुत गर्न सकिन्छ :-

Question Bank Nepal

| नेपालको कार्यपालिका | नेपालको व्यवस्थापिका | नेपालको न्यायपालिका |
|---|---|---|
| संघीय कार्यपालिका (मन्त्रिपरिषद/धारा ७५)<br>↓<br>प्रदेश कार्यपालिका (प्रदेश मन्त्रिपरिषद/धारा १६२)<br>↓<br>स्थानीय कार्यपालिका (गाउँ कार्यपालिका र नगर कार्यपालिका/धारा २१४) | संघीय व्यवस्थापिका (प्रतिनिधि सभा र राष्ट्रिय सभा / धारा ८३)<br>↓<br>प्रदेश व्यवस्थापिका (प्रदेश सभा/धारा १७५)<br>↓<br>स्थानीय व्यवस्थापिका (गाउँ सभा र नगर सभा/ धारा २२१) | (धारा १२७ र १५२)<br>सर्वोच्च अदालत<br>↓<br>उच्च अदालत<br>↓<br>जिल्ला अदालत (माथि उल्लेखित नियमित अदालत बाहेकका स्थानीय न्यायिक निकाय, ADR अवलम्बन गर्ने अन्य निकाय र विशिष्टीकृत अदालत समेत) |

**प्रशासनिक संरचनालाई जनमैत्री बनाउन गर्नुपर्ने सुधारहरु**

नेपालको विद्यमान प्रशासनिक संरचनामा देहाय बमोजिम संरचनागत, प्रक्रियागत एवं कानून नीतिगत सुधारहरू गर्न सकेमा प्रशासनिक संरचनालाई जनमैत्री बनाउन सकिने देखिन्छ :-

★ नेपाल सरकारको कार्य विभाजन नियमावली जननिर्वाचित संसदबाट पास गरेर मात्र लागू गर्ने गरी संवैधानिक व्यवस्था गर्नुपर्ने।

★ केन्द्रीय संरचनालाई More effective and efficient बनाउनका लागि least but competitive बनाउनु पर्ने देखिन्छ।

★ केन्द्रीय निकायहरूमा शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको पूर्ण प्रभावकारी कार्यान्वयनमा जोड दिई केन्द्रीय सार्वजनिक प्रशासनमा पूर्ण रुपमा राजनैतिक तटस्थताको सिद्धान्त अवलम्बन गर्नुपर्छ।

★ केन्द्रीय र स्थानीय प्रशासनिक संरचना बीचमा Bridge को काम गर्ने गरी क्षेत्रीय वा अञ्चल स्तरीयमध्ये एक तहको संरचना मात्र कायम गरी अर्को तहको संरचनालाई हटाउनु पर्ने।

★ स्थानीय निकायहरूको निर्वाचन तत्कालै सम्पन्न गर्ने व्यवस्था मिलाई यस्ता निकायलाई जनप्रतिनिधि विहिन अवस्थाबाट मुक्त गराउनुपर्ने।

★ मुद्दा र बोझिलो प्रशासनिक संरचनालाई सानो र Lean but competitive बनाउनुपर्ने।

★ सार्वजनिक प्रशासनमा व्याप्त भ्रष्टाचारका कारण प्रशासन जनमैत्री नभएको अवस्थाको यथार्थतालाई मध्यनजर गर्दै भ्रष्टाचार विरुद्ध शुन्य सहिष्णुताको नीतिलाई व्यवहारमा नै कायम गर्नुपर्ने।

★ प्रशासनिक संरचना/कर्मचारीतन्त्रको Absolute विकल्प नभए पनि यसमा विभिन्न समसामयिक सुधारहरू गर्न सकेमा मात्र जनमैत्री बनाउन सकिने।

★ सार्वजनिक प्रशासनमा sunset laws को व्यवस्था, सेवा प्रवाहलाई integrated र one door service मार्फत प्रदान, आइटीमैत्री अभिलेख प्रणाली आदि मार्फत प्रशासनिक संरचनालाई जनमैत्री बनाउन सकिने।

★ तहगत रुपमा रहेका प्रशासनिक संरचनामा शक्ति, स्रोत साधनको विकेन्द्रीकरण गरेर पनि जनमैत्री बनाउन सकिन्छ।

★ राजनीति र प्रशासनको सम्बन्ध र सीमा प्रष्ट रुपमा निर्धारण गरी निर्णय प्रक्रियालाई छोटो र पारदर्शी बनाउँदै सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्ने।

★ प्रशासनिक संरचनालाई प्रविधिमैत्री बनाउँदै जनशक्तिलाई उत्तरदायित्व बहन गराउन जनमैत्री पक्षलाई ध्यान दिँदै कार्य विवरण बनाई त्यसको आधारमा मूल्यांकन गर्ने परिपाटी बसाल्नुपर्ने।

★ सरकारले प्रशासनिक संरचनामार्फत सार्वजनिक सेवा प्रवाह गर्ने हुँदा सेवा वितरण गर्ने नीति र प्रक्रिया आफैँमा सरल, सहज र परिणाममुखी बनाउने तर्फ आवश्यक कदम चाल्नुपर्ने।

★ हरेक प्रशासनिक संरचनाले सम्पादन गर्नुपर्ने कामलाई उत्तरदायी, पारदर्शी, जनमैत्री, अनुमानयोग्य बनाउन एवं एकरुपतापूर्वक कार्य सम्पादन गर्ने सम्बन्धित केन्द्रीय निकायले कार्य सञ्चालन दिग्दर्शन (SOP) तयार गरी लागू गर्नुपर्ने।

★ सुशासनले जनमैत्री व्यवहार एवं क्रियाकलापमा जोड दिने हुँदा प्रशासनिक संरचनामा सुशासन कायम गर्न विशेष व्यवस्था गर्नुपर्ने।

★ नेपालको सार्वजनिक प्रशासनको जनताप्रतिको घुमाउरो जवाफदेहिताको अन्त्य गर्दै प्रशासक/कर्मचारीहरू सोझै जनताप्रति उत्तरदायी हुनुपर्ने व्यवस्था कानूनमा नै गर्ने।

★ सार्वजनिक प्रशासनले प्रवाह गर्ने सेवाको design सेवाग्राहीबाट हुने गरी आधारभूत सेवा प्रवाह स्तरका संगठन संरचनामा सेवाग्राहीहरूको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्ने।

★ कुनै पनि प्रशासनिक संरचनाको गठन गर्नुपूर्व आवश्यकता र औचित्यको आधारमा दोहोरो भूमिका र

Question Bank Nepal

दायित्व नपर्ने गरी O and M survey गरेर मात्र प्रशासनिक संरचनाको पुर्नसंरचना तथा स्थापना हुनुपर्ने ।

★ निजामती कर्मचारीका कर्तव्य र अधिकार सँगसँगै अभ्यास गरिने परिपाटी बसाल्न सके जनमैत्री सेवा प्रवाहमा बल पुग्ने देखिन्छ ।

★ प्रशासनिक संरचनालाई जनमैत्री बनाउन नीतिभन्दा नियत नै नेपालको समस्या हो अर्थात् नीति बनेर रहने तर कार्यान्वयन पक्ष सबल नहुँदा समस्या भएकाले त्यसलाई समाधान गरिनुपर्ने ।

★ अधिकांश जनता आफैले लेख्न नसक्ने हुँदा जनताको मौखिक मागलाई नै निवेदन मानेर काम गर्ने प्रणालीको विकास गर्न सकिएमा प्रशासनिक संरचनालाई वास्तविक रुपमै जनमैत्री भएको जनताले अनुभव गर्न सक्ने देखिन्छ ।

★ प्रशासनिक संरचनामा काम गर्ने जनशक्ति/ कर्मचारीलाई राज्यले पूर्णकालीन बनाउने कानूनी व्यवस्था गरेमा आवश्यक पर्नासाथ सार्वजनिक सेवा प्रवाह गरी प्रशासनलाई जनमैत्री बनाउन सकिन्छ ।

★ सेवा पाउन भर्नुपर्ने फारामहरू online मा समेत प्राप्त हुने गरी राखी एकीकृत घुम्ती सेवालाई अझ व्यवस्थित र व्यापक बनाउँदै निरन्तर रुपमा लैजानु पर्ने आदि ।

राजनैतिक असफलताका बाबजुद पनि सेवा प्रवाहमा तल्लीन रहने सार्वजनिक प्रशासनलाई असफल हुन नदिन र जनमैत्री बनाउनको लागि समसामयिक सुधार गर्दै लैजानु आजको अवाश्यकता हो । त्यसैले समयसापेक्ष सुधारमार्फत नेपालको प्रशासनिक संरचनालाई जनमैत्री एवं विकासमैत्री बनाउनको लागि सम्बन्धित सम्पूर्ण क्षेत्रबाट पहल हुनु जरुरी छ ।

**३. नेपालको वर्तमान राजनीतिक, आर्थिक तथा सामाजिक परिवेशमा सूचनाको हकको पूर्ण प्रत्याभूति गराउन राज्य सामू रहेका मुख्य मुख्य चुनौतीहरुको चर्चा गर्दै सूचनाको हक र पारदर्शिताका सीमाहरु उल्लेख गर्नुहोस् । (Briefly explain the challenges that hindering the arrurance of right to information in Nepal's current socio-economic and political situation and also mention the limitations of right to information and transparency.)**

## सूचनाको हकको पूर्ण प्रत्याभूतिका चुनौतीहरू

सूचनाको हक नागरिकको विचार र अभिव्यक्तिको स्वतन्त्रताको विस्तारित रुप हो । यस हकले विचार निर्माणको लागि मुलतः राज्य संयन्त्रमा रहेका सूचनामा नागरिकको पहुँचको अधिकार सुनिश्चित गर्दछ । सूचनाको हक अन्तर्गत जानकारी पाउने (Right to know), सहभागी हुने अधिकार (Right to participate) र सम्प्रेषण गर्ने अधिकार (Right to disseminate) समेत पर्दछन् । नेपालमा सूचना पाउनु प्रत्येक नागरिकको नैसर्गिक अधिकार मान्दै नेपाल अधिराज्यको संविधान, २०४७ बाटै सूचनाको हकलाई संविधानमै मौलिक हकको रुपमा स्थान दिएको पाइन्छ । साथै नेपालको संविधान, २०७२ ले पनि सूचनाको हकको संवैधानिक प्रत्याभूति गरेको पाइन्छ । सबल एवम् सक्षम रुपमा लोकतन्त्रलाई स्थापित गर्नको लागि सर्वसाधारणले सार्वजनिक निकायबाट सम्पादन हुने सार्वजनिक सरोकारका सम्पूर्ण विषयहरू पारदर्शी हुनुपर्ने हुँदा सूचनालाई पारदर्शी तरिकाले प्रवाह गर्ने उद्देश्यका साथ सूचनाको हक सम्बन्धी ऐन, २०६४ ल्याइएको छ ।

तथापि, नेपालको संक्रमणकालीन वर्तमान राजनीतिक, आर्थिक तथा सामाजिक परिवेशमा सूचनाको हकको पूर्ण प्रत्याभूति गराउन राज्य सामू विभिन्न चुनौतीहरू रहेका छन् । ती मध्ये मुख्य मुख्य चुनौतीहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ –

१. राजनीतिक दल एवम् प्रशासनिक क्षेत्रमा सार्वजनिक महत्वका सूचना पारदर्शी रुपले प्रवाह गर्नुपर्छ भन्ने मान्यताको विकास हुन नसकेको अर्थात् गोप्यतामा रमाउने प्रवृत्ति/संस्कृति कायम रहेको ।

२. सर्वसाधारणमा सूचना पाउनु हाम्रो अधिकार हो भन्ने सचेतनाको विकास हुन नसक्नु ।

३. सूचनाको हकले सूचनाको पारदर्शितामा जोड दिएता पनि अझै पनि कतिपय कानूनहरुले गोपनियता कायम राख्नुपर्ने व्यवस्था गरेको हुँदा कानूनको दोहोरोपनाले ल्याएको चुनौती ।

४. राष्ट्रको सार्वभौमसत्ता, अखण्डता, आपसी सहिष्णुता, शान्ति सुरक्षालाई समेत कायम राख्दै सूचनाको प्रवाह गर्ने चुनौती ।

५. सञ्चार माध्यम एवं पत्रकारिता क्षेत्रले सूचना प्रवाह गर्दा सतही सूचना न्यून गरी यथार्थ सूचना प्रवाह गर्ने चुनौती ।

६. सार्वजनिक निकायको कमजोर अभिलेख प्रणालीको प्रयोगले पूराना सूचनाहरू सेवाग्राहीले माग गरेमा उपलब्ध गराउने चुनौती ।

७. नागरिक समाजसँग सहकार्य गरी सूचनालाई व्यवस्थित तरिकाले प्रवाह गर्ने चुनौती ।

८. नागरिक समाजले जनतालाई सचेतीकरण र सरकारलाई पहरेदारी गर्न नसक्दाका चुनौती ।

Question Bank Nepal

९. आम जनताले स्थानीय नेतृत्व र कर्मचारीप्रति खबरदारी गर्दै सूचना माग्ने कार्यलाई नैसर्गिक अधिकारको रुपमा स्थापित गर्ने चुनौती।

१०. सुशासनका लागि सूचना हाम्रो आधार हो भन्ने मानसिकता सबैमा विकास गराउने चुनौती आदि।

**सूचनाको हक र पारदर्शिताका सीमाहरू**

पारदर्शीता एवं खुल्लापन लोकतान्त्रिक शासन व्यवस्थाका आधारभूत मान्यता तथा सूचनाको हकलाई व्यवहारिक प्रयोगमा उतार्न प्रयोग गरिने प्रमुख माध्याम हो। त्यसैले सूचनाको हक र पारदर्शिताका बीचमा माछा र पानीको जस्तै सम्बन्ध रहेको हुन्छ। यसर्थ यी दुईका सीमाहरू पनि समान रहेका छन्। मूलत: राष्ट्रिय सुरक्षा सम्बन्धी विषयहरू, अपराधको दुरुत्साहन गर्ने विषयहरू, शान्ति सुरक्षामा प्रतिकूल असर पार्ने विषयहरू, सार्वजनिक नैतिकताका प्रतिकुल हुने विषयसँग सम्बन्धित सूचनाहरूलाई नै सूचनाको हक र पारदर्शिताका सीमाको रुपमा लिईन्छ। यस्ता सूचनाहरूलाई वर्गीकरणका आधारमा कानून बमोजिम गोप्य रहने सूचना अन्तर्गत राखिन्छन्। हाम्रो सुचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ३ (३) ले पनि सार्वजनिक निकायले सूचना प्रवाह गर्नु नपर्ने देहाय बमोजिमका विषयहरूको सूची प्रस्तुत गरेको पाईन्छ। तसर्थ हाम्रो सन्दर्भमा मूलत: तिनै विषयहरूको सूचनालाई नै सूचनाको हक र पारदर्शिताका सीमाहरूको रुपमा लिन सकिन्छ।

★ नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,

★ अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,

★ आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ्ग वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने,

★ विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रुपमा खलल पार्ने,

★ व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पुऱ्याउने।

तथापि कुनै पनि सुचना सम्बन्धमा माथी उल्लेखित अवस्था विद्यमान नभएको अर्थात् सूचना प्रवाह नगर्नु पर्ने उचित र पर्याप्त कारण नभएको अवस्थामा भने त्यस्तो सूचना प्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पन्छिन नपाउने प्रावधान समेत उक्त ऐनमा गरिएको पाईन्छ। त्यस्तै गरी सार्वजनिक निकायको अभिलेखमा यस ऐन बमोजिम प्रवाह गर्न मिल्ने र नमिल्ने सूचना भए सूचना अधिकारीले प्रवाह गर्न मिल्ने सूचना छुट्याएर निवेदकलाई उपलब्ध गराउनु पर्नेछ भन्ने समेत उल्लेख गरिएको पाईन्छ।

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

**४. नेपालको अन्तरिम संविधान, २०६३ मा राज्यका ३ अंगका बीचमा शक्ति सन्तुलन र नियन्त्रणको प्रभावकारी व्यवस्था कसरी गरिएको छ ? विवेचना गर्नुहोस्। (Discuss how effective check and balance of power between 3 main organs of the state has been managed in the Interim Constitution of Nepal, 2063?)**

*(नेपालको अन्तरिम संविधान, २०६३ खारेज भई सम्वत् २०७२ साल असोज ३ गते बाट नेपालको संविधान लागू भएकोले प्रस्तुत प्रश्नको समाधान पनि नेपालको संविधान २०७२ अनुरुप प्रस्तुत गरिएको छ।)*

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपालमा वि.सं. २०७२ साल असोज ३ गते बाट लागू भएको नेपालको संविधानमा पनि विगतका धेरै जसो संविधानहरुमा झै शक्ति पृथकीकरणको सिद्धान्त अनुसार राज्यको शक्ति राज्यका तीन प्रमुख अंग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामा विभाजन गरिएको छ। वर्तमान संविधानले विगतका संविधानले अवलम्बन गरेको एकात्मक राज्य व्यवस्थाको सट्टा संघात्मक राज्य व्यवस्थालाई अंगीकार गरेकोले राज्यका तीन अंगमध्ये न्यायपालिका बाहेक अरु दुई अंग कार्यपालिका र व्यवस्थापिकाको संरचना संघीय ढाँचामा गरेको पाइन्छ। राज्यका प्रमुख तीन अंगहरु निरंकुश रुपमा अगाडी बढन नसकुन् र एक आपसमा सन्तुलन कायम गर्न सकियोस् भन्नका लागि संविधानले शक्ति पृथकीकरणको सिद्धान्तको साथसाथै शक्ति नियन्त्रण र सन्तुलनको सिद्धान्त अनुसार अगाडि बढ्न यस सम्बन्धी विभिन्न व्यवस्था गरिएको हो। जसलाई नेपाल सरकारका प्रमुख तीन अंगबीचको अन्तरसम्बन्धका रुपमा लिन सकिन्छ। व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको संरचना, जिम्मेवारी र अधिकार क्षेत्र फरक फरक भएता पनि यी तीन अंगहरू कार्य सम्पादनको सिलसिलामा एक आपसमा परिपूरक एवं अन्तर सम्बन्धित हुन्छन्। यस्तो परिपूरक एवं अन्तर सम्बन्ध अर्थात राज्यका ३ अंगका बीचमा शक्ति सन्तुलन र नियन्त्रणको प्रभावकारी व्यवस्थापन गर्न नेपालको

Question Bank Nepal

संविधान (२०७२) मा गरिएको व्यवस्थाहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :-




**व्यवस्थापिका र कार्यपालिकाकाबीच शक्ति सन्तुलन र नियन्त्रण**

| नेपालको कार्यपालिका | नेपालको व्यवस्थापिका |
|---|---|
| संघीय कार्यपालिका (मन्त्रिपरिषद/धारा ७५) ↓ प्रदेश कार्यपालिका (प्रदेश मन्त्रिपरिषद/धारा १६२) ↓ स्थानीय कार्यपालिका (गाउँ कार्यपालिका र नगर कार्यपालिका/धारा २१४) | संघीय व्यवस्थापिका (प्रतिनिधि सभा र राष्ट्रिय सभा /धारा ८३) ↓ प्रदेश व्यवस्थापिका (प्रदेश सभा/धारा १७५) ↓ स्थानीय व्यवस्थापिका (गाउँ सभा र नगर सभा/ धारा २२१) |

★ कार्यपालिकाको गठन र विघठनमा व्यवस्थापिकाको प्रमुख भूमिका रहने व्यवस्था छ । (धारा ७६ र १६८) भने व्यवस्थापिकाको अधिवेशन आव्हान र अन्त्य गर्ने कार्य कार्यपालिकाबाट हुने व्यवस्था छ । (धारा ९३ र १८३) ।

★ व्यवस्थापिकाले प्रधानमन्त्रीले राखेको विश्वासको मतको प्रस्ताव पारित नगरेर र व्यवस्थापिका स्वयंले अविश्वासको प्रस्ताव पारित गरेर प्रधानमन्त्रीलाई पदमुक्त गर्न सक्ने तर प्रधानमन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म र एक पटक राखेको अविश्वासको प्रस्ताव असफल भएको एक वर्ष भित्र अविश्वासको प्रस्ताव पेश गर्न नसकिने व्यवस्था पनि गरेको पाइन्छ (धारा १००) ।

★ कार्यपालिकाले पेश गरेको विधेयक (कानुन), बजेट तथा सरकारको नीति तथा कार्यक्रम व्यवस्थापिकाले पारित गर्ने व्यवस्था छ भने व्यवस्थापिकालाई आवश्यक पर्ने आर्थिक स्रोत साधन (बजेट) तथा जनशक्तिको व्यवस्था कार्यपालिकाले गरिदिने व्यवस्था छ ।

★ सन्धी वा सम्झौता गर्ने अधिकार संघीय कार्यपालिका र संघीय कार्यपालिकाको सहमति लिई आर्थिक तथा औद्योगिक विषयमा करारजन्य सम्झौता गर्न सक्ने अधिकार प्रदेश कार्यपालिकामा छ (धारा २७८) भने सरकार (संघीय कार्यपालिका) ले गरेका सन्धी सम्झौताको अनुमोदन/सम्मिलन/स्वीकृति/ समर्थन सम्बन्धी कार्य संघीय संसदबाट गर्ने व्यवस्था छ (धारा २७९) ।

★ प्रधानमन्त्रीको अध्यक्षतामा गठित संवैधानिक परिषदमा प्रतिनिधि सभाका सभामुख, उपसभामुख र राष्ट्रिय सभाको अध्यक्ष समेत सदस्य रही कार्य गर्ने व्यवस्था छ (धारा २८४) ।

★ कार्यपालिकालाई आवश्यक पर्ने कानुन व्यवस्थापिकाले बनाउने र त्यसरी बनाएको कानुन राष्ट्रपति/प्रदेश प्रमुखबाट प्रमाणित गर्नु पर्ने व्यवस्था (धारा ११३ र २०१) ।

★ संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरु संघीय संसदप्रति उत्तरदायी र जवाफदेही रहनु पर्ने व्यवस्था ( धारा २९३) ।

★ संघीय संसदले राष्ट्रिय मानव अधिकार आयोग बाहेक अन्य संवैधानिक निकायको काम कारबाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन सक्ने व्यवस्था (धारा २९३) ।

★ व्यवस्थापिकाबाट प्रत्यायोजित विधायिकी कार्य गरेर तथा संसद नचलेको समयमा तत्काल आवश्यक पर्ने अस्थायी कानुन (अध्यादेश) ल्याई कानुनको अभाव हटाई कार्यपालिकाले विधायिकालाई सहयोग पुऱ्याउने व्यवस्था (धारा ११४ र २०२) ।

★ संवैधानिक निकायको प्रमुख वा पदाधिकारी र राजदुतको पदमा नियुक्ति हुनु अघि संसदीय सुनुवाई हुने व्यवस्था (धारा २९२) ।

★ संवैधानिक निकायहरुको वार्षिक प्रतिवेद संघीय संसदसमक्ष पेश भई छलफल हुने व्यवस्था (धारा २९२) ।

★ मुलुकमा संकटकालको घोषणा कार्यपालिकाले गर्न सक्ने र यसरी घोषित संकटकालको अनुमोदन संघीय संसदबाट गर्नुपर्ने व्यवस्था (धारा २७३) ।

Question Bank Nepal